रवि श्रेष्ठ

पासुका

वर्ष ६ अङ्क ७ पौष २०७५ थिंला ११३९ पूर्णाङ्क ६७



बासडोलको वसन्तदेवको अप्रकाशित अभिलेख योगेश राज ३
संवत् २९५ को अमृतदेवको नाम उल्लेख भएको
भक्तपुर खौमाटोलमा रहेको अभिलेख योगेश राज २६
साँखुबाट प्राप्त चार ओटा लिखत योगेश राज ३७

सम्पादकीय

नयाँ नेपाल र समृद्धिको बहसले सार्वजनिक मीडिया तताएको यो समय हो। भविष्यप्रति मोहितान्ध यस्तो समयमा अतीततर्फ हेरिनुपर्छ, इतिहासको विश्लेषण हुनुपर्छ, तिनका निष्कर्श सुनिनुपर्छ भन्नेजस्ता ऐतिहासिक विवेकपूर्ण आग्रहलाई प्रतिगमन भनिने डर छँदैछ। तैपनि आशाभन्दा अनुभव बलियो हुन्छ र अपेक्षाभन्दा अभिलेख दीगो हुन्छ। वर्तमान भनेको अतीत र आकांक्षाको घोल हो। यही सूत्रको मर्म बुझेर हामीले निरन्तर फेरिरहने नारा, नीति र कार्यक्रमको ऐतिहासिक पाटोबाट आलोचना गर्दै आएका हौँ।

सुथां स्थापनाको तेइस वर्षपछि यसका मूल सरोकारलाई प्राज्ञिक अन्वेषण र विवेचनाका औजारद्वारा अझ प्रभावकारी बनाउँदै लैजान हामीले ऐतिहासिक विश्लेषण संस्थानको स्थापना गरेका छौँ। केन्द्रको मुख्य काम प्राज्ञिक अनुसन्धान, विद्वत् सभासम्मेलनको आयोजना र प्रकाशन हो। केन्द्रले सुथांको अभिलेखालय-पुस्तकालयको पनि रेखदेख गर्नेछ। त्यसको सङ्कलन अभिवृद्धि गर्न विभिन्न कार्यक्रम गर्नेछ। केन्द्रका मर्मज्ञ ऐतिहासिकहरूबाट हुने विश्लेषणले सुथांले उठाउने गरेका सार्वजनिक सरोकारका आवाज आउँदा दिनमा अझ प्रामाणिक, तर्कसङ्गत र विवेकपूर्ण हुनेछन्। साथै केन्द्रका खँदिला प्रकाशनले ती आवाज अझ स्पष्ट र टाढा सुनिनेछन्। सुथांका गतिविधिलाई नजीकबाट नियाली रहनु भएका प्रबुद्ध अनुसन्धाता, विशेषज्ञ, नीतिनिर्माता र पाठकहरूले सधैँ झैँ ऐतिहासिक विश्लेषण केन्द्रका कामकारबाहीलाई पनि निरन्तर सहयोग गर्नुहुनेछ भन्ने विश्वास गरेका छौँ। *

पासूका

पूर्णाङ्क ६७ पौष २०७५

सम्पादक
मैत्रेय

कार्यकारी सम्पादक
अपराजित श्रेष्ठ

प्रकाशक
ऐतिहासिक विश्लेषण संस्थानद्वारा
सुथांका लागि

पत्राचारका लागि ठेगाना
५, चौँगा गल्ली, इटापाको
भक्तपुर नपा – १, भक्तपुर
फोनः ०१६६१५३२६,
०१६६१६०८१
ईमेलः suthan@gmail.com

कम्प्यूटर लेआउट
सुथां कम्प्यूटर्स, भक्तपुर

मुद्रक
न्यु विद्या प्रिन्टिंग प्रेस
फोन: ०१-६६१३६१७

मूल्य: ५० रूपैञा

आवरण: टेकूको फोहरमा भसान गरिएकी देवी।

बासडोलको वसन्तदेवको अप्रकाशित अभिलेख

योगेश राज

तथ्य आफूसँगै नराख्ने ऐतिहासिकहरू निर्मूल र व्यर्थ हुन्छन्। ऐतिहासिक नभेट्टाउने तथ्य निष्प्राण र निरर्थक हुन्छन्।[1]

- एडवर्ड हाय्लेट कार, *ह्वाट इज हिस्ट्री* (१९८७), पृ. ३०

१। पुरोवाक्

विसं २०५७ मा पनाति (पनौति)का अभिलेख-सङ्ग्रह छापिएको थियो (योगेश राज ११२०)। त्यस पुस्तकको संवर्द्धित संस्करण निकाल्ने सिलसिलामा यही २०७५ कार्त्तिक १० गते शनिवार साथी सुनील शाक्य र म बासडोल पुग्यौं। हामी पनातिबाट हिंडेर साँगा हुँदै भक्तपुर पुग्ने पुरानो बाटो आएका थियौं।

पनाति शहरबाट निस्कने बित्तिकै पुण्यमाता (अथवा पुण्यमती, पन्ती) नदी दायाँतिर बग्दै आउँछ। यो नदीको उद्गम नाला भेगमा पर्छ र यसले साँगा, बनेपा र पनातिका बेँसीलाई मलिलो राख्छ। पनाति-बासडोल बाटो पुण्यमाताको एउटा सहायक ससु खोलासँगसँगै ज्यालाँ (जलः अथवा द्यःलाँ) पाटीसम्म उकालो लाग्छ।[2] त्यसपछि त्यही खोलाको तिरैतिरतेर्सोजान्छ। खोला कहिले दाहिने त कहिले बायाँ पार्दै यो बाटो घरि चढ्छ, घरि ओर्लन्छ। तौखेल क्षेत्रलाई देब्रे पारेर यही बाटो झण्डै तीन घण्टा पछयाएपछि बासडोल आइपुग्छ।

बासडोल लाग्ने बाटो पनाति बसपार्कबाट अलि टाढासम्म पक्की छ। त्यसपछि कच्ची र धुलाम्मे छ। खोलाले काटेको बेँसी कतै फराकिलो छ, कतै साँघुरो। धान लहलहाएको छ। पारी ठाडो भीर जङ्गल देखिन्छ। वारी उकालो र ओरालो मनोरम छ। मोटरबाटो लम्बिँदैछ। ठाउँठाउँमा पुलेसा बनेका छन्। भञ्ज्याङमा चौताराका अवशेष भेटिन्छन्। छिटपुट घर देखापर्छन्। पसल छैनन् भन्दा हुन्छ। एक ठाउँमा कारखाना बन्दै गरेको छ। एकदुई खण्ड ज्यादै सुनसान छ। यहाँ राति हिँडिदैन जस्तो लाग्छ।

---

[1] "The historian without his facts is rootless and futile; the facts without their historian are dead and meaningless.'

[2] स्थानीय सज्जनहरूले बताए अनुसार, ससु खोलाको मुहान गोठडाँडा हो। त्यहाँबाट पनातिसम्म आईपुग्दा यो खोलाको नाउँ आनमनिदेखि क्रमशः रातोमाटे, बालुवाखोला, लुगाधुने घाट, ल्याखलुङ, हाकेदुवा र ससुसम्म फेरिँदै जान्छ। ज्यालाँ पाटीमा रहेको दुइतले संरचनालाई हरसिद्धि (जलः) देवी आउँदा विश्राम गर्ने भएकाले जःलाँ पाटी, देवता (द्यः) आउने बाटो (लाँ) मा पर्ने भएकाले द्यःलाँ पाटी पनि भनिन्छ।

बासडोल पुग्दासम्मन् बाटोको छेउछाउ कुनै उल्लेख्य बस्ती भेटिँदैन। पनातिबाट बिहानै झिसमिसेमा भारी लिएर निस्केको मानिस यहाँ मध्यान्हतिर पुग्ने देखिन्छ। भूबनोट हेर्दा बासडोल पनाति र साँगा जनागाल उपत्यकाको नाकाजस्तो देखिन्छ। यो चल्तीको बाटो होइन। सिँगै बाटो छिचोल्न हिँडेकाहरू हामीले कोही भेटेनौँ। जति भेट्यौँ, सबै पनाति अथवा साँगा 'झर्न' यो बाटो आउनेजाने गरिरहेका थिए।

पनाति शहरलाई नेपाल खाल्डोसँग भौतिक र आर्थिक रूपले जोड्ने यो बाटो अहिले विरानो देखिन्छ।केही दशक अधिसम्म व्यापारी, गृहस्थ, सैनिक, भरिया यो बाटो हिँड्थे भन्ने कुरा हामीले पनातिमा सुनेका थियौँ। यो पनातिबाट हिँडेर साँगा पुगिने सबैभन्दा छोटो बाटो पनि हो। तर काठमाडौँ-कोदारी जोड्ने राजमार्ग बनेपा भएर गएपछि यात्रीहरू घट्तै गए। व्यापार सुक्यो। मेलमिलाप घट्यो। यताका गाउँबस्तीओझेलमा परे।

कोदारी राजमार्गले बनेपालाई काभ्रे जिल्लाका खंपु, खुपासी, चौकोट, धुलिखेल र नालाजस्ता धेरै बस्ती र 'नेपाल'बीच मध्यस्थ बनायो। यी बस्ती अर्थराजनीतिक केन्द्र र आवतजावतबाट टाढिए। यिनमा पूर्वमध्यकालिक सांस्कृतिक वैभव छरपस्ट थियो। तिनको अवशेष यहाँ अझै भेटिन्छन्। अब यी 'देश' बनेपा वरिपरिकागाउँ बने। यिनलाई 'बनेपा सातगाउँ' भित्र गाभेर हेर्न थालियो। बासडोल पनि अहिले दुर्गम ठाउँजस्तो एक्लिएको छ।

बासडोल पुग्दा बाटोछेउ छहराले हाम्रो ध्यान तान्यो। किन हो कुन्नि, छहरा देख्नेबित्तिकै मलाई नजिकै शिवलिङ्ग हुनुपर्छ भन्ने भयो। यहीँनेर बाटोछेवैमा गणेशस्थान रहेछ। हामी गणेशमन्दिर परिसरभित्र पस्यौँ। त्यहाँ गणेशको अजङ्गको स्वयम्भू शिला देखियो। जोडिएकै कक्षमा राधाकृष्णको नयाँ प्रतिमा थियो। त्योसँगै जलेश्वर महादेवको कक्ष थियो। महादेवकक्ष पस्ने ढोकाबाटै मेरो आँखा एउटा लिच्छवि अभिलेखमाथि पऱ्यो। बासडोलमा लिच्छवि अभिलेख रहेको कुरा अहिलेसम्म नसुनेकाले यो अभिलेख अप्रकाशित हुनुपर्छ भन्ने मलाई लाग्यो। हामी थप उत्साहित भयौँ। त्यो अभिलेख सफा गर्नतिर लाग्यौँ।

हाम्रो क्रियाकलापले वरपरका घरपसलबाट मानिसलाई तान्यो। छिटै एक दर्जनजति मानिस जम्मा भए। तिनले आफूहरू कसैले पनि यो अभिलेख अहिलेसम्म नदेखेको भने। साथै, बासडोलका बुढागणेश र जलेश्वर महादेव उत्पत्तिबारे आफूले सुनेका कुरा हामीलाई बताए।[३] हामीले पनि त्यो अभिलेखको महत्त्व सुनायौँ र त्यसलाई संरक्षण गरेर राख्न

---

[३] यी देवताको उत्पत्तिबारे अनुश्रुति र मन्दिरको संरक्षणका स्थानीय प्रयासका निम्ति हेर्नुस्, बास्डोल बुढागणेश मन्दिर संरक्षण तथा व्यवस्थापन समिति। २०७३। *श्री बास्डोल बुढागणेश मन्दिर स्मारिका तथा भजन संग्रह २०७३*। महेन्द्रज्योति: बास्डोल बुढागणेश मन्दिर संरक्षण तथा व्यवस्थापन समिति।

स्थानीय समुदायले पहल गर्नुपर्छ भन्यौं। साथै, अभिलेख पछि राम्ररी पढेर आफूले पत्ता लगाएका कुरा समुदायसँग साझा गर्न फेरि आउनेछौं भन्यौं।

तदनुसार कार्तिक १७ गते शनिवार हामी फेरि बासडोल पुग्यौं। यो पल्ट हामीहरू आठजना थियौं। स्थानीय वासिन्दा पनि चालीस पचासजना जम्मा भएका थिए। अभिलेखबाट खुलेका यावत् कुराबारे छलफल गऱ्यौं। छलफल तीनवटा विषयमा केन्द्रित थियो। पहिलो, अभिलेखको महत्त्वबारे जानकारी साझा गर्नु। दोस्रो, शिलालेखको संरक्षणका उपाय सोच्नु। तेस्रो, अहिले ओझेलमा परेको त्यो भेगको ऐतिहासिक र सांस्कृतिक महत्त्वको प्रवर्द्धन गर्नु।

छलफलपछि स्थानीय सज्जनहरूले हामीलाई अर्को एउटा शिलालेख र ढुङ्गेधाराबारे बताए। त्यो शिलालेख अर्जुन विश्वकर्माले सम्हालेर राखेका रहेछन्। त्यसमा मिति विसं १८९८ छ। बासडोल-साँगा सडकको कुनै खण्ड रणजित् अधिकारीले बनाएपछि त्यो शिलालेख राखेका रहेछन्। ढुङ्गेधारा चाहिँ अलिक अगाडि देउरालीमा झारपातले छोपिएको पायौं। हामीले चासो देखाएपछि स्थानीय साथीहरूले ढुङ्गेधारा सफा गर्ने उपक्रम थाले। त्यो ढुङ्गेधारामुनि शङ्खसमाएका भगीरथको साटो एउटा यक्षले घुँडा टेकेर बसेको देखियो। प्रतिमालक्षण हेर्दा यो यक्ष साँखुको विसं १२२५ को यक्षजोडीसँग तुलनीय छ (वज्राचार्य २००९, छविचित्र संख्या ८)। वासडोलबाट देउराली हुँदै जनागाल, साँगा झर्ने बाटो पूर्वमध्यकालमा चल्ती थियो भन्ने एउटा आधार भेटिएको छ।

२। वसन्तदेवको संवत् ४३४ को अभिलेख

प्रस्तुत अभिलेख कुँदिएको शिलाको बीचमा एउटा अनाकृत ढुङ्गो उभ्याइएको छ। यताबाट यो ढुङ्गो शिवलिङ्ग हो भन्ने भान पर्छ। दुई-तीन दशकअघि एकजना जोगी आएर यहाँ शिवलिङ्ग रहनुपर्छ भनेर यो अनाकृत ढुङ्गो राखेका हुन् भन्ने हामीले सुन्यौं। ढुङ्गो र अभिलेख रहेको शिला फरक प्रकृतिका छन्। शिलाको माथिल्लो सतहमा चारपाटे जलहरि कुँदिएको छ। ताछिएको सतह त्यति पुरानो देखिँदैन। वास्तवमा यो शिला कुनै स्मारक देखिन्छ। त्यसै स्मारकलाई कालान्तरमा कुनै देवताको पादपीठ बनाइएजस्तो लाग्छ।

अभिलेख कुँदिएको भागको लम्बाइ ५६ सेन्टिमिटर र चौडाइ १० सेन्टिमिटर छ। वैशिष्ट्ययुक्त लिच्छविकालिक लिपि छ। अशुद्ध संस्कृत भाषा छ। संवत् ४३४ आषाढशुक्ल पूर्णिमा देखिन्छ। अभिलेखमा दुई पङ्क्ति छन्। पहिलो पङ्क्तिमा ४१ अक्षर र दोस्रो पङ्क्तिमा १९ अक्षर छन्। पहिलो पङ्क्तिको पहिलो अक्षर चोइटिएकोले देखिँदैन। प्रसङ्गानुरोधले त्यहाँ श्री पढ्न सकिन्छ। त्यहि पङ्क्तिको अन्तिम तीन अक्षर पनि त्यति स्पष्ट छैन। खास गरेर अन्तिम अक्षर स्या पछि अनुस्वार देखिँदैन। त्यो पनि प्रसङ्गानुरोधले

पढिएको छ। दोस्रो पङ्क्तिका अक्षरलाई तीन समूहमा छुट्याइएको छ। सबैजसो अक्षर पढ्न सकिने नै छन्।[4]

मूलपाठ

१। (श्री)वसन्तदेवराज्ञासहश्रीसामन्तेन अनुज्ञात: दूतको स्वजन हूं अशाढमासे शुक्लपक्षे तित्थो पोर्ण्णमास्यां

२। संवत् १००×४ ३० ४ (ज)ङ्कुणे ब्रह्मुमहोदए पुनांगु

अनुवाद

श्रीवसन्तदेव राजासँगै श्रीसामन्तबाट अनुमति लिई दूतक, (उनका) आफन्त र भद्रजनले आषाढ महिनामा शुक्लपक्षमा पूर्णिमामा तिथिमा(।) संवत् ४३४(।) जङ्कुणेलाई ब्रह्मुं महोदय (छाने)[5](।)पुनांगुं(को।)

व्याख्या

यो अभिलेखमा महिनाको नाम पढ्न केही गाह्रो भएको थियो। अभिलेखको पहिलो पङ्क्तिमा *स्वजन* शब्दपछि र *मासे* शब्दअघि चार अक्षर छन्। तीमध्ये पहिलो अक्षर *हूं* स्पष्टै देखिन्छ। पछिल्ला तीन अक्षरलाई पहिले अशुणि पढेँ। नाला उग्रचण्डीको ढुङ्गेधाराको संवत् ११८ को अभिलेखमा *हूं ध्रवशील* र *हूं अणङ्गशील* आएको छ (वज्राचार्य २०५३: ५१२)। त्यस्तै साँखु साल्खा टोलको डबलीमा रहेको संवत् ४० को अभिलेखमा *हु वीर* नाम परेको छ (पन्त र अरू २०७१: ९-१४)। त्यसैले यहाँ पनि *हूं* शब्दपछि व्यक्तिवाची नाउँ हुनुपर्छ भन्ने भयो। त्यो नाम खुट्याउन खोजेँ। तर महिनाको नाम कम्तीमा दुइ अक्षरको हुनुपर्ने भयो। सबैभन्दा पछिल्लो अक्षर द्र अथवा ढ पढेँ। *भाद्र* अथवा *राढा* अर्थात् राधा (वैशाख) हुनसक्छ, सोचेँ। तर फेरि *दूतक* र *स्वजन* शब्दपछि

---

[4] यो अभिलेख पढ्न र अर्थ्याउन महेशराज पन्त, नयनाथ पौडेल र श्यामसुन्दर राजवंशीहरूले मलाई सस्नेह मद्दत गरेका छन्। महेशराज पन्तले लेखको खेस्रा सुधार्न विस्तृत सुझाव दिए। उनको टिप्पणीले केही ठाउँमा तर्क तिखार्न सकेँ। नयनाथ पौडेलले दिएका सुझाव पनि उपयोगी रहे। एक दुई ठाउँमा मैले उनीहरूको दृष्टिभन्दा आफ्नै बुझाईलाई अघि सारेको छु। यसलाई उनीहरूले अन्यथा लिने छैनन् भनेर आशा गरेको छु। अभिलेखको पाठ खुट्याउने क्रममा नयनाथ पौडेलले अहिले पत्ता लागेको अभिलेख नेपालको पुरालिपिको अध्ययनका लागि थप सामग्री भएको टिप्पणी २०७५ कार्तिक २६ गते ईमेलमार्फत व्यक्त गरेका थिए। उनको महत्त्वपूर्ण ईमेललाई यहाँ अनुसूची १ मा मैले जस्ताको तस्तै राखेको छु।

[5] महेशराज पन्तले जङ्कुणे र महोदए यी दुवै पदलाई सप्तम्यन्त मान्नु उपयुक्त हुने बताएका छन्। त्यो अर्थ गर्दा दोस्रो पङ्क्तिका तीन शब्दसमूहको आपसी सम्बन्ध खुल्दैन, साथै अभिलेख राख्नुको प्रयोजन पनि स्पष्ट हुँदैन।

पनि व्यक्तिवाची नाम नआएकाले, हूं शब्दपछि नाउँ हुने संभावना देखिनँ। अब महिनाको नाम तीन अक्षरको हुने भयो। पहिलो अक्षर *अ* र दोस्रो अक्षर *शा* पढेर तेस्रो अक्षरलाई लाजिम्पाटको क्षेमसुन्दरीको संवत् ३९० को अभिलेखको चौथो पङ्क्तिमा परेजस्तै ढ पढेँ। यसरी महिनाको नाम *अशाढ* निक्यौंल भयो।[६]

यहाँ *दुतक: स्वजनयसरी* पदावली पढ्दा (राजा अथवा सामन्तको) आफन्त दूतक भनेर अर्थ्याउनुपर्ने हुन्छ। यसो गर्दा हूं पदको कुनै अर्थ लाग्दैन। त्यसैले मैले दूतक, स्वजन र हूं गरी तीन प्रकारका कर्ताको कल्पना गरेको हुँ। यहाँ हूं पदको अर्थ भद्रजन गरिएको छ। तात्कालिक अभिलेखमा स्थानीय वासिन्दाबाट अनुमोदित अधिकारीहरूलाई *ब्रह्मुं* र *शुल्ह्मुं* भनिएको छ। यी शब्दको खास अर्थ खुलेको छैन।

सामान्यत: ब्रह्मुं मुद्दामामिला हेर्ने अधिकारी हुन् भनिएको छ। शुल्ह्मुं चाहिँ न्यायालय-शुल्क उठाउने शुल्ली अधिकरण मातहतका अधिकारी हुन् भन्ने मलाई लाग्दछ। शुल्ली अधिकरणको काम चोरी गर्ने, परस्त्रीगमन गर्ने, ज्यान मार्ने, र राजद्रोह गर्नेजस्ता गम्भीर ठानिएका पञ्चपराधसम्बन्धी कामकारबाही चलाउने निकाय हुन् भनी छुट्याइएको छ। संभवतः शुल्ह्मुंहरूलेत्यस प्रकृतिका कारबाही चलाउन झगडियाहरूसँग शुल्क उठाउँथे। ब्रह्मुं विषयमा तल अलि खुलेर चर्चा आउँदैछ।

तर ब्रह्मुं र शुल्ह्मुं दुवैमा हुं पद आएको द्रष्टव्य छ। यताबाट अघिल्लोले ब्रम् अथवा ब्र र पछिल्लोले शुल्म् अथवा शुल् प्रकृतिका सम्मानजनक अधिकारीलाई बुझाउँथ्यो।यसरी हुं पद आदरार्थी थियो भन्ने अनुमान गर्न मिल्छ। नभन्दै, नाला उग्रचण्डीको ढुङ्गेधाराको अभिलेखमा हूं *ध्रवशील* र हूं *अणङ्गशीलर* साँखु साल्खा टोलको हु *वीर* नाम परेको छ। यताबाट पनि हूं अथवा हु पद श्रीको द्योतक हो भन्ने स्पष्ट देखिन्छ। त्यसो त यी दुई प्रमाण पर्याप्त होइनन्। यी दुवै अभिलेख र अहिले पाइएको बासडोलको अभिलेख जम्मै काठमाडौँ उपत्यकाका पूर्वी भेगका भएकाले हूं, हुं अथवा हु पद स्थानीय समाजमा चलेको सम्बोधन विशेष मात्र पनि हुनसक्छ। प्रस्तुत अभिलेखमा हुं पदपछाडी कुनै व्यक्तिवाची नाम नआएकाले मध्यकालमा भारो पदले बोकेको अर्थ नै लिच्छविकालमा हूं, हुं अथवा हु पदले बुझाउँथ्यो भनी मैले अनुमान गरेको हुँ।

यो अभिलेखमा प्रथम मानदेवका नाति, महीदेवका छोरा, राजा वसन्तदेवको नाम आउँछ। वसन्तदेवको पालाका हालसम्म १६ वटा अभिलेख पाइएका छन्। त्यसमध्ये पहिलो थानकोटको आदिनारायणमा रहेको संवत् ४२८ मार्ग शुक्ल १ को शिलालेख हो। अन्तिम चाहिँ पशुपति भस्मेश्वरको शिवलिङ्गको संवत् ४५५ चैत्र शुक्ल १० को पादपीठ हो। तीनवटा अभिलेखमा संवत् उल्लेख छैन र तिनलाई लिपिका आधारमा वसन्तदेवको

---

[६] नयनाथ पौडेलले महिनाको नाम अशढ पढेका छन्। तल १, अनुसूची हेर्नुस्। दोस्रो अक्षरको दण्ड केही लामो भएकोले त्यसलाई मैले आकारान्त मानेको हुँ।

समयको मानिएको छ।[7] वसन्तदेवपछि राजाको रूपमा देखापर्ने मनुदेवको गैह्रीगाउँ, बूढानीलकण्ठको शिलालेखमा संवत् पढ्न सकिएको छैन। संवत् उल्लेख भएको अर्को अभिलेख साँखु दुगाहिटीमा राखिएको वामनदेवको अभिलेख हो। त्यहाँ संवत् ४६० छ

---

[7] वसन्तदेवका अहिलेसम्म पाइएका अभिलेख यिनै हुन्: १। थानकोट आदिनारायणको संवत् ४२८ मार्ग शुक्ल १ को, बहिनी जयसुन्दरीलाई जयपल्लिका ग्राम दिइएकाले त्यहाँ बस्ने मानिसहरूले तिनको परिवारको खटनपटन अह्नोटमा बस्नू र दरबारका अधिकारी र प्रतिनिधिहरू त्यहाँ नपस्नू भन्ने, दूतक याज्ञिक विरोचनगुप्त रहेको सनद (वज्राचार्य २०५३: ९१-९२, यसमा राजाको नाउँ फुटेको छ); २। टिस्टुङको संवत् ४३४ को, *स्वस्ति नैपालभ्य:* पाठ परेको खण्डित अभिलेख (वज्राचार्य २०५३: ११०); ३। पाटन बाहालुखाको त्रिलिङ्गेश्वर महादेवको संवत् ४३५ द्वितीयपौष शुक्ल ५ को, कुनै कामविशेषका लागि १४२ मानिका कुत आउने खेत दान दिइएकोबारे, दूतक रविगुप्त रहेको सनद (वज्राचार्य २०५३: ११२-११३, यसमा राजाको नाउँ खण्डित छ); ४। काठमाडौँ जैसीदेवलको संवत् ४३५ आश्विन शुक्ल १ को, शासनसम्बन्धी, दूतक रविगुप्त र ब्रह्मुं महीशील रहेको सनद (वज्राचार्य २०५३: १२२-१२३); ५। काठमाडौँ सीतापाइला पौवागणेशस्थानको संवत् ४३० को दशकको, बहिनी जयसुन्दरीले बनाएको धाराको मर्मत गर्न खेत दान गरिएको सनद (वज्राचार्य २०५३: १३२-१३३, यसमा दूतकको नाउँ टुटेको छ); ६। स्वयम्भूको संवत् ४३८ फाल्गुण (शुक्ल) ६ को, गन्धकुटीको पूजा र मर्मतका लागि खेत दान गरिएको शिलाभिलेख (राजवंशी २०७३क: ६८-७३, यसमा राजाको नाउँ छैन); ७। थानकोट किसिपिंडीको संवत् ४४९ प्रथमआषाढ शुक्ल १० को, स्थानीय जनतालाई कर माफ गरिएको, दूतक रविगुप्त रहेको सनद (वज्राचार्य २०५३: १३५-१३६, यसमा राजाको नाउँ फुटेको छ); ८। ललितपुर च्यासल खपिंछेँको राजा वसन्तदेवको पालाको, संवत् ४५२ पौष शुक्ल ३ को, वैशम्पायनको पूजा चलाउन खेत दान दिएको शिलाभिलेख (वज्राचार्य २०५३: १३८); ९। पशुपति आर्यघाट सूर्यमण्डलको संवत् ४५२ को, पुण्यगोमी ब्राह्मणले पार्थिवशिलामा पूजा चलाउन कुत ठेकेको अभिलेख (वज्राचार्य २०५३: १४१, यसमा राजाको नाउँ छैन); १०। बलम्बू महालक्ष्मीमन्दिर खाद्याँको संवत् उल्लेख नभएको, मानिसका नाम आएको खण्डित अभिलेख; ११। बलम्बू चौकिटारको संवत् ४५४ ज्येष्ठ शुक्ल ६ को, स्थानीय खेत अधिग्रहण गरी स्वायत्तता दिइएको, दूतक रवि गुप्त र ब्रह्मुं भव गुप्त रहेको सनद (वज्राचार्य २०५३: १४५-१४६); १२। बलम्बू पासिंख्यको संवत् ४५४ ज्येष्ठ कृष्ण ६ को, महाराजमहासामन्त क्रमलीलको नाम परेको, उही बेहोराको सनद (वज्राचार्य २०५३: १४७-१४८); १३। बलम्बू महालक्ष्मीमन्दिरनेर बाटोको संवत् ४५४ ज्येष्ठ कृष्ण ६ को, व्यहोरा स्पष्ट नभएको, अत्यन्त खिइएको सनद (वज्राचार्य २०५३: ५८२); १४। चापागाउँ यकुटोलको जलद्रोणीको संवत् नभएको अभिलेख (वज्राचार्य २०५३: १५३); १५। पशुपति भस्मेश्वरको संवत् ४५५ चैत्र शुक्ल १० को, प्रतिहार ध्रुवसङ्घले शिवलिङ्ग स्थापना गरी आफन्तको गुथि राखी निश्चित कूत आउने खेत दान गरेको अभिलेख (वज्राचार्य २०५३: १५५, यसमा राजाको नाउँ छैन); र, १६। हाँडिगाउँ सत्यनारायण मन्दिरको गरुडध्वजको संवत् उल्लेख नभएको, वेदान्तसूत्रको व्याख्या परेको स्तम्भलेख (वज्राचार्य २०५३: १५९-१६२, यसमा पनि राजाको नाउँ आउँदैन)। वसन्तदेवका अभिलेख भेटिएका स्थानको लागि *नक्शा १* (पृष्ठ १०) हेर्नुस्।

(वज्राचार्य २०५३: १६८)। यसरी मोटामोटी रूपमा वसन्तदेवको राज्यकाल संवत् ४२८ देखि ४५५ मान्नु उपयुक्त हुन्छ।[8]

काठमाडौँ उपत्यकाबाहिर पूर्वी भेगमा साँगा, नाला, बनेपा, खोपासी, भकुण्डेबेँसी, दुम्जा, पलाञ्चोक भगवतीमा एउटा-एउटा र साँखुमा दुइटा प्रकाशित गरी हालसम्म ९ वटा लिच्छविकालिक शिलालेख पाइएका छन्। साँखुमा अर्को एउटा लिच्छवि अभिलेख फेला परेको छ।[9] अहिले आएर बासडोलमा यो अभिलेख भेटिएपछि अब पूर्वी भेगका लिच्छवि अभिलेखको संख्या ११ वटा पुगेको छ (पृष्ठ ११, *नक्शा* २)। कालक्रमानुसार, बासडोलमा पाइएको यो अभिलेख वसन्तदेवको पहिलो र यो भेगकै दोस्रो पुरानो हो।[10]

चाँगुस्थित स्तम्भाभिलेखमा प्रथम मानदेवले पूर्वतिर लागेर त्यहाँका *सण्ठ* रजौटाहरूलाई वशमा पारेको र आदेश दिँदा रूजू रहने शर्तमा तिनको राज्य थमौति गरेको कुरा परेको छ।[11] यसैले मानदेवभन्दा अगाडिकै लिच्छवि राजाहरूको कज्याइँमा पूर्वी भेग परिसकेको थियो, मानदेवको शासनमा त्यतातिरका रजौटाहरूले विद्रोह गर्न थालेका थिए र मानदेवले तिनलाई वशमा पारेको सङ्केत मिल्छ। तर त्यो भेगमा तिनको वंशको

---

[8] तीर्थलाल न:घ:भनीले आफ्नो नेपालका राजाहरू शासनकालसम्बन्धी निर्णयमा वसन्तदेवको शासनकाल संवत् ४२८-४५६ मानेका छन् (न:घ:भनी २०५४: ६-७)।

[9] साँखुमा अहिले पाइएको शिलालेखको फोटो केही समयअगाडि बालगोपाल श्रेष्ठको सौजन्यले पाएको हुँ। साँखु वज्रयोगिनी मन्दिरको जीर्णोद्धार गर्ने सरकारी काजमा खटिँदा (हाल दिवंगत) शुक्रसागर श्रेष्ठले पनि यो अभिलेखको छापा लिएका थिए र श्यामसुन्दर राजवंशीलाई सुम्पेका थिए। यो अभिलेखलाई श्यामसुन्दर राजवंशीले र मैले मिलेर पढेपनि सम्पूर्ण पाठ निर्णय हुनसकेको छैन। मूल ढुङ्गो नहेरी नछोई पाठको किनारा लाग्ने देखिएन। परिस्थितिजन्य कारणले यो काम हुन सकेको छैन।

[10] पूर्वी भेगको सबैभन्दा पुरानो चाहिँ पलाञ्चोक भगवतीको विजयस्वामिनीको अभिलेख हो। यसमा मिति संवत् ४२५ माघ शुक्ल १५ छ (वज्राचार्य २०५३: ६७)। साँखु दुगाहिटीको वामनदेवको अभिलेखमा मिति संवत् ४६० ज्येष्ठ शुक्ल ८ छ (वज्राचार्य २०५३: १६८)। बनेपाको शिवदेव र अंशुवर्माको शिलाभिलेखमा चाहिँ श्रावण महिना मात्र पढ्न सकिएको छ (वज्राचार्य २०५३: २४०-२४१)। खोपासीको शिवदेव र अंशुवर्माको अभिलेखमा संवत् ५२० चैत्र कृष्ण ५ छ (वज्राचार्य २०५३: २७४-२७५)। साँगा छिन्नमस्तक नारायणमा राखिएको अंशुवर्माको अभिलेखमा संवत् ३२ भाद्र शुक्ल १ छ (वज्राचार्य २०५३: ३३६-३३७)। दुम्जाको कुशेश्वरमा रहेको भनिएको खण्डित अभिलेखमा मिति छैन (वज्राचार्य २०५३: ३७७)। त्यसपछि, साँखु साल्खा टोलको अभिलेखमा संवत् ४० श्रावण शुक्ल ५ रहेछ भन्ने भर्खरै पत्तो लागेको छ (वज्राचार्य २०५३: ५०८; पन्त र अरू २०७१)। नाला भगवतीस्थानको ढुङ्गेधाराको शिवदेव द्वितीयको अभिलेखमा संवत् ११८ ज्येष्ठ शुक्ल १० छ (वज्राचार्य २०५३: ५१२)। भकुण्डेबेँसीको धुनीदेवी महादेवको अभिलेखमा संवत् १३१ पौष शुक्ल २ छ (राजवंशी २०७३ख)। साँखुमा भरखर पत्ता लागेको तेस्रो लिच्छविकालिक अभिलेखमा संवत् छैन।

[11] ... नृप: प्रायात्पूर्व्वपथेन तत्र च शठा ये पूर्व्वदेशाश्रया: सामन्ता: प्रणिपातबन्धुरशिर: प्रभ्रष्टमौलिस्रज: तानाज्ञावशवर्त्तिनो नरपति: संस्थाप्य ... (वज्राचार्य २०५३: १२-१३)।

राज्यसञ्चालन प्रणाली स्थिर हुनसकेको थिएन। बासडोलको अभिलेखले त्यस्तो प्रणालीको जग चाहिँ उनका नाति वसन्तदेवले बसाल्ने प्रयास गरे भन्ने स्पष्ट हुन्छ। यो अभिलेखमा राजासँगै सामन्तको अनुमति लिई दूतक, (दूतकका) आफन्त र स्थानीय भलादमीहरूले आफ्नो पुनांगु भेगका मुद्दामामिला छिनोफानो गर्ने जङ्कुणे नाउँ गरेका व्यक्तिलाई ब्रह्मुं छानेको कुरा परेको देखिन्छ। यसबारे अलि खुलेर तल चर्चा गरिनेछ।

नक्शा १: काठमाडौं उपत्यकामा पाइएका वसन्तदेवका अभिलेख। नक्शाङ्कन: दिवेश मास्के।

३। प्रस्तुत अभिलेखको वैशिष्ट्य

संक्षिप्त भएपनि तिथिमिति, राजाको नाउँ, सामन्त, दूतक र ब्रह्मुंजस्ता शब्दसमेत भएकाले अरू लिच्छविकालिक शिलालेखभन्दा प्रस्तुत अभिलेख चारवटा कारणले विशिष्ट देखिन्छ। पहिलो, सामान्यत: राजाले आफै, अथवा सामन्तका माध्यमबाट सनद, राजाज्ञा जारी गर्दा स्थानीय गाउँठाउँमा उनको महत्त्वपूर्ण सन्देश पुऱ्याउने र परिचालन गर्ने काम

दूतकलाई सुम्पिन्थ्यो। दूतकहरू राजा अथवा सामन्तका सनदमा उल्लेखित नीतिनिर्णय कार्यान्वयन गर्ने विश्वासपात्र मानिस हुन्थे। पछि यो दूतक राजाका प्रिय आफन्तहरूको नाउँ उल्लेख गर्ने आलङ्कारिक सम्बोधन हुन गएको देखिन्छ। यो अभिलेखमा भने दूतकले अरू नै काम गरेको सूचना छ। दोस्रो, अरू लिच्छविकालिक अभिलेखको पुछारमा दूतक यो हो भनेर चिनाएपछि *ब्रह्मं (ब्रह्मुङ)* शब्दको प्रयोग अनायास आउँछ। यो अभिलेखमा भने स्पष्ट नआएपनि ब्रह्मं छानिएको सन्दर्भ उल्लेख भएको देखिन्छ। तेस्रो, लिच्छविकालिक नेपाल खाल्डोको पूर्वी भेगमा रहेका, अहिले साँगा, बनेपा, धुलिखेल, पनाति, पाँचखाल, दुम्जालगायतका क्षेत्र अटेका, जिल्ला, ईलाका बुझाउने दुई महत्त्वपूर्ण *विषय*बारे नयाँ व्याख्या गर्न यो अभिलेखले सघाएको छ। चौथो, यो अभिलेखको भाषा शुद्ध छैन र लिपि पनि अरू लिच्छविकालका शिलालेखभन्दा थोरै फरक छ। यसरी यो अभिलेखले नेपालको परालिपि अध्ययनका लागि नयाँ सामग्री दिएको छ।



नक्शा २: काठमाडौं उपत्यकाको पूर्वीभेगमा पाइएका लिच्छवि अभिलेख। नक्शाङ्कन: दिवेश मास्के।

३क। लिच्छविकालका दूतक

वसन्तदेवकै अरू अभिलेखमध्ये जयपल्लिका गाउँका लागि दूतक याज्ञिक विरोचनगुप्त छन् भने बाँकि सबैजसो ठाउँमा सर्व्वदण्डनायकमहाप्रतिहार रविगुप्तलाई दूतक भनिएको छ

(वज्राचार्य २०५३: ९२: वज्राचार्य २०५३: ११३)।[12] वलम्बु भेगका *शीताटिका तल*, *किचप्रिचिङ्*, र *कादुङ्* भनिने गाउँमा राखिएका भौमगुप्तको सनदमा दूतक रहेका बभ्रुवर्माको ओहोदा अथवा काम स्पष्ट छैन।[13] पाटन भीमसेनस्थान परिसरमा चारवर्षपछि राखिएको सनदमा शिवदेवले एकजना जागिरे (सं. *वार्त्त*) रामशीललाई दूतक बनाएका छन् (वज्राचार्य २०५३: २४५)। सतुङ्गल भेगको *कादुङ्* भनिने गाउँमा शिवदेव र अंशुवर्माले संवत् ५१९ मा राखेका सनदमा राखिएका दूतक गुणचन्द्र एकजना जागिरेका छोरा (सं. *वार्त्तपुत्र*) थिए (वज्राचार्य २०५३: २६४) भने बाँसबारीभेगको धरमपुरमा राखिएको संवत् ५२० को सनदमा अर्का जागिरदार (सं. *वार्त्त*) भोगचन्द्र दूतक थिए (वज्राचार्य २०५३: २७१-२७२)। यसरी दूतक पद एउटा समयसम्म राजाका विश्वासिला, संभवत: कुनै स्थानीय भारदार हुन्थे।

बूढानीलकण्ठभेगको चपली (<*चतुग्राम*) मा राखिएको गङ्गादेवको सनदमा दूतक देखिएका वृषवर्माबारे पनि कुनै थप सूचना भेटिँदैन (वज्राचार्य २०५३: २०५)। यसको २८ वर्षपछि यसै उत्तरी भेगको धर्मस्थलीमा राखिएको सनदमा भने विप्रवर्मा गोमी दूतक बनेका छन्। (वज्राचार्य २०५३: २५८)। टोखाको सनदमा फेरि उनै दूतक देखिन्छन् (वज्राचार्य २०५३: २६७)। तर झण्डै बाह्र वर्षपछि यी विप्रवर्मा लिच्छवि राजको पश्चिमद्वार अर्थात् टिस्टुङ (<*तेस्तुङ्*) भेगमा दूतक हुँदा महाराजका रूपमा सम्बोधित छन् (वज्राचार्य २०५३: ३०९-३१०)। त्यस्तै धापासी (<*प्रणालीदिमक*)मा राखिएको संवत् ५२६ को सनदमा देखापरेका लच्छा गोमी ६ महीनापछि लेले (<*लेम्बटी द्रङ्ग*)मा राखिएको सनदमा राजाका हजुरिया (सं. *प्रतिहार*) भएका देखिन्छन् (वज्राचार्य २०५३: २७९-२८०; वज्राचार्य २०५३: २८२-२८३)। यसरी एकैजना दूतकको राजकीय स्थिति र सन्देश पुऱ्याउने कार्यक्षेत्र कालक्रमअनुसार फरक हुनगएको देखिन्छ।

बूढानीलकण्ठभेगको *थंतुंरी* द्रङ्गमा राखिएको संवत् ५१२ को शिवदेवको सनदमा दूतक देखिएका कुलप्रवीर चाहिँ महाबलाध्यक्ष थिए (वज्राचार्य २०५३: २१५)। पाटन *माटिङ्* ग्राममा राखिएको संवत् ३४ को अंशुवर्माको सनदमा अर्का महाबलाध्यक्ष बिन्दुस्वामी दूतक बनाइएका छन् (वज्राचार्य २०५३: ३४०)। बुङमती (<*बूगायूमी*)को अंशुवर्माको संवत् २९ को सनदमा दूतक महासर्वदण्डनायक विक्रमसेन थिए (वज्राचार्य २०५३: २९१) भने साँगा (<*शङ्गा*)को संवत् ३२ को अभिलेखमा अंशुवर्माले यिनैलाई

---

[12] थानकोट आदिनारायणको संवत् ४२८ को अभिलेखमा विरोचनगुप्तलाई याज्ञिक अर्थात् यज्ञकर्म गर्ने भनिएको छ। पाटन बाहालुखाको संवत् ४३५ को अभिलेखमा दूतक देखिएका रविगुप्त 'लोकमा विनय कायम गराउने जिम्मा पाएका' सर्व्वदण्डनायक र राजाका मुख्य हजुरिया महाप्रतिहार थिए।

[13] धनवज्र वज्राचार्यले यहाँ दूतक बभ्रुवर्मालाई ब्रह्मुंमेत बनाएका छन् (वज्राचार्य २०५३: १८८)। मेरो विचारमा यस अभिलेखमा ब्रह्मुं चाहिँ वार्त्त प्रसाद गुप्त हुन्।

राजपुत्र भनी चिनाएका छन् (वज्राचार्य २०५३: ३३७)। ज्याबहालको संवत् ५३५ को सनदमा यिनी फेरि दूतक देखिन्छन् तर यिनको परिचय भने विशुद्ध राजपुत्र मात्रै छ (वज्राचार्य २०५३: ३४३)। यसरी दूतक रहीरहेकै अवस्थामा यी विक्रमसेनको दरबारिया पद भने ओरालो लाग्दै गरेको देखिन्छ।

त्यस्तै, संवत् ५१६ मा भक्तपुरभेगका *माखोपृङ*, *खृपुङ* र *थंखोपृङ* स्थानका सनदमा र पाटनभेगकै हौगल ईलाकामा भने अंशुवर्माका भानिज भोगवर्मा गोमी एकै जनालाई दूतक बनाइएको छ (वज्राचार्य २०५३: २५०, २५४; पन्त र अरू २०७२: ५४-६३)। यताबाट दूतकले राजाको सन्देश पुऱ्याउने भेग एकतिर मात्र नरही सामान्यतः सबैतिर हुनगएको देखिन्छ। पाटन नबहिलमा जारी अंशुवर्माकै अर्को सनदमा यिनै भोगवर्मालाई महासामन्त भनिएको छ (वज्राचार्य २०५३: ३४५)। यसरी अंशुवर्माको शासनकालसम्म आइपुग्दा दूतकलाई सर्वस्वीकृत राजप्रतिनिधिको रूपमा लिने र त्यसमा राजपरिवार सदस्यलाई राख्ने चलन चल्यो।

वसन्तदेवको यहाँ प्रस्तुत अभिलेख सनद होइन। यसमा दूतकलाई राजाले आफ्नो सन्देश पुऱ्याउने राजप्रतिनिधिको रूपमा नलिई दूतक, स्वजन र स्थानीय भद्रभलादमीहरूबाट ब्रह्मुं नियुक्तिको सूचना दिइएको छ। यताबाट संवत् ४३४ मा दूतकहरूले स्थानीय प्रशासनको पुरानो संरचनामा क्रमश: सुधार गर्दै लैजाने पारम्परिक काम गर्दै थिए भन्ने बुझिन्छ। अंशुवर्मापछिका लिच्छवि राजाहरूले आफ्ना सनदमा युवराज, राजपुत्र र कुमारामात्यहरूलाई आलङ्कारिक दूतक बनाउने चलन चल्यो (वज्राचार्य २०५३: ३१५, ३५८, ४५९)। यसको अपवाद नभएको होइन। जस्तो, *नवगृह* (देउपाटन) मा राखिएको नरेन्द्रदेवको संवत् ७१ को सनदमा दूतक नृपदेव एकजना दण्डनायक मात्रै थिए (वज्राचार्य २०५३: ४७५)। तर नरेन्द्रदेवले अरू अरू ठाउँमा र उनीपछिका राजाहरूले आ-आफ्ना सनदमा कुमारामात्य, युवराज, भट्टारकहरूलाई मात्रै दूतक बनाए। यताबाट दूतकको भूमिकामा आमूल परिवर्तन आयो। खुलाएर भन्ने हो भने, शिवदेव-अंशुवर्मापछिका शासकले दूतकहरूको स्थानीय भूमिका शून्य बनाए।

यसरी दूतक बनाइएका मानिसको पृष्ठभूमि हेर्दा पुरानो सामन्ती व्यवस्थालाई विस्तारै एकीकृत शासकीय संरचनामा गाभ्दै लैजाने अभ्यासको थालनी वसन्तदेवले गरे र शिवदेव-अंशुवर्माले सिद्ध गरे भन्ने देखिन्छ।

तर पनि यो प्रस्थापनाको विस्तृत परीक्षण हुनुपर्छ। किनभने त्यस्तो अध्ययनले प्राचीन नेपालको सन्दर्भमा सामन्त शब्दको व्यावहारिक अर्थ, अधिकारक्षेत्र र लिच्छवि राजगद्दीसँग तिनको बदलिँदो सम्बन्धबारेनिर्णयमा पुग्न हामीलाई सघाउनेछ। के भनिहाल्न सकिन्छ भने, नेपालका प्राचीन अभिलेखमा परेको सामन्त शब्दलाई *फ्यूडल*को समानार्थी

मानिहाल्ने र यूरोपेली परिप्रेक्ष्यमा प्रचलित *फ्यूडलिजम*सरह सामन्तवादको इतिहास नेपालमा थोपरिहाल्ने प्रवृत्तिबाट भने हामीले सतर्क रहनुपर्छ।[14]

३ख। ब्रह्मुं नियुक्ति

लिच्छविकालका शुरू शुरूका अभिलेखमा गाउँठाउँमा *व्यवहार* चलाउने फलाना भनेर ब्रह्मुंको नाम दिने सामान्य परिपाटी थियो।[15] यहाँ *व्यवहार* भन्नाले मुद्दामामिलाका कारबाही भनेर अर्थ्याउनु उपयुक्त हुन्छ। ब्रह्मुं शब्द वसन्तदेवको अहिलेसम्म पाइएकामा पहिलो अभिलेखमै आउँछ। अभिलेखको महत्त्वपूर्ण अंश खण्डित छ। तर सन्दर्भ पहिल्याउँदै धनवज्र वज्राचार्यले ब्रह्मुं, शुल्ह्मुं, तेपुल आदिलाई गाउँका अठार जातका गृहस्थीहरू मानेका छन्।त्यस अभिलेखमा परेको *अष्टादशप्रकृति* पदको अर्थ गराईमा विद्वान्हरूबीच मतैक्य छैन। यसलाई सबै प्रकारका स्थानीय वासिन्दा भन्ने अर्थ गर्ने हो भने ब्रह्मुंहरू पनि गाउँमै बस्ने गृहस्थ हुन् भन्नुपर्ने हुन्छ। यिनलाई यो सनदमा परेका अरू अरू पारम्परिक ओहोदाका शुल्ह्मुं र तेपुलहरू अनि प्रधान र गाउँकुटुम्बसँगै राखेर राजाले सम्बोधन गरेका छन्।[16] काठमाडौँ जैसीदेवलको वसन्तदेवको संवत् ४३५ को सनद सो भेगमा महीशीलले ब्रह्मुं भई मुद्दामामिला छिनेको बखतमा जारी गरिएको थियो (वज्राचार्य २०५३: १२३)। वसन्तदेवकै बलम्बू चौकिटार र पासिंख्य:का सनद हेर्दा भवगुप्तले राजाका हजुरिया (सं. *प्रतिहार*)छँदै ब्रह्मुंका काम पनि सम्हालेको देखिन्छ (वज्राचार्य २०५३: १४६, १४८)। त्यसको २८ वर्षपछि *शीताटिका तल*को *टेग्वल्* (चौकिटार), *बु- -ङ्* गाउँ (>बलम्बू), *किचप्रिचिङ्* (>किसिपिंडी), *कादुङ्* ग्राम (सतुङ्गल)मा प्रसादगुप्त

[14] गोपाल शिवाकोटीको पुस्तक *नेपालमा सामन्तवाद: हत्या, हिंसा र षड्यन्त्रको इतिहास*माथि महेशराज पन्तको आलोचना हेर्नुस् (पन्त २०६९: ७)।

[15]*ब्रह्मुं* शब्दको हिज्जे ऐतिहासिक अभिलेखमा र तिनका व्याख्याताहरूको पाठमा *ब्रह्मु*, *ब्रंह्मु*, *ब्रह्मुङ्*, *ब्रङ्ह्मु* यसरी फरक फरक आउँछ। यहाँ मूलको उद्धरण गर्दाबाहेक सबै ठाउँमा *ब्रह्मुं* बनाइएको छ।

[16] मूलको अंश यस्तो छ: "जयपल्लिकाग्रामे नि(वासोपग)तान् ब्राह्मणपुरस्सरान् ब्रंह्मुंशुल्ह्मुंतेपुल ... प्रधानान्ग्रामकुटुम्बिन: साष्टादशप्रकृतीन् कु(शलम्पृ)ष्ट्वा समाज्ञापयति ..." (वज्राचार्य २०५३: ९१)। धनवज्र वज्राचार्यले यो अंशको अनुवाद यसरी गरेका छन्: "जयपल्लिका ग्राममा बस्ने ब्राह्मणलगायत ...ब्रङह्मुं शुल्ह्मुं तेपुल ...मुखियालगायत गाउँका अठाह्रै जातका गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ" (वज्राचार्य २०५३: ९३)। ब्रह्मुं शब्दको हिज्जे अनुवादमा ब्रङह्मुं भएको छ। *अष्टादशप्रकृति* भन्ने वाक्यांशलाई अठाह्रै जात भनी धनवज्रले ऊल्था गरेका र हरिराम जोशीले यसैलाई अठार प्रकारका जातजाति भनी व्याख्या गरेका छन् (जोशी २०३०: ८२)। हरिराम जोशीले आफ्नो व्याख्याका आधार भनी दिएकामध्ये एउटा स्रोत हीरहडगल्लीको ताम्रपत्रमा आएको अट्ठारसजाति शब्द हो। यो शब्दले वास्तवमा सबै प्रकारका (कर) भन्ने अर्थ राख्छ भन्ने सिद्ध भइसकेको छ (पन्त २०४१: १५-२०; सरकार १९६६: ३१-३२)।

जागिरे (सं. *वार्त*) थिए र ब्रह्मुंको दायित्व बोकेका थिए। अर्को ५५ वर्षसम्म ब्रह्मुं शब्द परेको अभिलेख भेटिएको छैन। त्यसपछि काठमाडौँ उपत्यकाभन्दा पश्चिम, टिस्टुङ भेगको तौखेलमा पाइएको अंशुवर्माको संवत् ३७ को सनदमा चुस्तुङ् गाउँका वासिन्दाले तेस्तुं, शुल्ह्मुं र ब्रह्मुंहरूलाई करको रूपमा तीन शय *जङ्ग* बुझाउनू भन्ने आदेश दिइएको छ।[17] यसरी वसन्तदेवदेखि अंशुवर्माको राज्यकालसम्म आईपुग्दा मुद्दामामिला छिन्ने ब्रह्मुंहरू क्रमश: गाउँका भलादमीबाट कर असुल्ने सरकारी कर्मचारीमा फेरिन गएका देखिन्छन्।

बासडोलको अभिलेख अनुसार वसन्तदेवले काठमाडौँ उपत्यकादेखि पूर्व, *पुनांगुं* भेगमा ब्रह्मुं व्यवस्थालाई औपचारिकता दिँदै थिए। वसन्तदेवअघि मानदेव र महीदेवका सनद अहिलेसम्म भेटिएका छैनन्। त्यसैले तिनको राज्य सञ्चालनसम्बन्धी आदेश कस्तो थियो हामीले जान्न पाएका छैनौँ। तर वसन्तदेवको पहिलो अभिलेखमा यसरी अनायास ब्रह्मुं, शुल्ह्मुं र तेपुल (तेस्तुं)हरूको उपस्थिति देखिएकाले र यी तीनै शब्द संस्कृतेतर भाषाका भएकाले यो कुनै आविष्कार नभई पारम्परिक ओहोदालाई औपचारिक बनाउने उपक्रम मात्र हुनसक्छ भन्न सकिन्छ। त्यसैले पाटन च्यासलको खपिंछेँमा रहेको, स्थानीय याज्ञिकहरूले राखेको अभिलेखमा वसन्तदेवको शासनव्यवस्थालाई *सम्यक्* भनिएको हुनसक्छ (वज्राचार्य २०५३: १३८)। वसन्तदेवको प्रस्तुत अभिलेखमा जसरी जङ्कुणे महोदयलाई ब्रह्मुं उपाधि दिई ठाउँको नाम हालिएको छ, त्यसलाई हेर्दा यो अभिलेख राख्नुको प्रयोजनै ब्रह्मुंको नियुक्ति रहेको देखिन्छ। एकातिर, प्रस्तुत अभिलेखमा पारम्परिक ओहोदालाई एकीकृत राज्य-संयन्त्रमा गाभ्ने प्रक्रियाको शुरुआत देख्छौँ, र त्यो काम राजा र सामन्तको अनुमति लिई स्थानीय तहमा दूतक, दूतकका आफन्त र स्थानीय भद्रजनहरूले गर्दथे भन्ने देखिएको छ। अर्कातिर, संवत् ३७ पछि लिच्छविकालका अभिलेखमा ब्रह्मुंलगायत शुल्ह्मुं र तेपुल (तेस्तुं)हरू हराउँछन्। प्राचीन नेपालको राज्य-संयन्त्रको इतिहासमा ब्रह्मुंलगायत पारम्परिक ओहोदाको छोटो सक्रियता, तिनको उत्थान र अवसानबारे धेरै कुरा खुल्न बाँकी नै छन्। त्यो उद्देश्य पूरा गर्न प्रस्तुत अभिलेख केही सहायक भएकाले लिच्छविकालका अहिलेसम्म पाइएका जम्मै अभिलेखभन्दा प्रस्तुत अभिलेख विशिष्ट छ।

३ग। पुनांगुं

---

[17] अभिलेखको सान्दर्भिक अंश यस्तो छ: "... तेस्तुंशुल्ह्मुंङ्ब्रम्हुंङाङ्करणीयञ्जङ्गशतत्रयम्देयन्..." (वज्राचार्य २०५३: ३४८)। थानकोट आदिनारायणको अभिलेखसँग तुलना गर्दा त्यहाँ *तेपुल* पढिएको पद यहाँ *तेस्तुं* देखिएको छ। यस्तो शब्दध्वनिको स्थानभेद, अथवा कालक्रममा परिवर्तनले पनि हुनसक्छ। यहाँ परेको जङ्ग शब्दबारे अहिले अनुमान मात्र लाउन सकिएको छ। अरबीमा जङ्गको सामान्य अर्थ युद्ध भएकाले तीन शय जङ्ग भन्नाले तीन सय लडाका हुन् कि भन्ने हुन्छ। यो अर्थ त्यति विश्वसनीय लाग्दैन। अरबीमै जङ्गको एउटा खास अर्थ पासा खेल्ने गोटी हुन्छ। यो भने प्रासङ्गिक लाग्दैन (जोनसन १८५२: ४४१)। हुनत यसलाई जूवामाथि कर हो कि भन्ने अनुमान गर्न नसकिने होइन।

काठमाडौँ उपत्यकादेखि पूर्वी भेगका केही बस्ती लिच्छवि अभिलेखमा देखापरेका छन्। वर्तमान साँगा लिच्छविकालिक *शङ्गाग्राम* थियो र यहाँ मुख्यत: तेलहन खेती गरिन्थ्यो भन्ने हामीलाई थाहा छ (वज्राचार्य २०५३: ३३७)। बनेपा लिच्छविकालको पहिलो चरणमा नै *बेम्मा प्रदेश* (संवत् ३९९), त्यसपछि *बेम्पा ग्राम* (संवत् ४६२) को नामले चिनिन्थ्यो।[18] पूर्वमध्यकालमा आएर यो *वनियंप्य* कहलियो।[19] त्यस्तै बनेपादेखि दक्षिण अहिले खंपु (खड्पु) भनिने ठाउँ पनि लिच्छविकालका शुरुआती चरणमै खेतीपातीका दृष्टिले आबाद भइसकेको थियो। देउपाटनको रत्नसंघको संवत् ३९९ को अभिलेखमा *खैनष्पु* नाउँ परेको छ।[20] वर्तमान खोपासी संवत् ५२० तिर *कुर्प्पासीग्राम* नामले प्रसिद्ध थियो र त्यहाँका बासिन्दाले आफ्ना मुद्दामामिला स्थानीय *तलस्वामी* (> तल्सिं) बाट छिन्न पाएका थिए (वज्राचार्य २०५३: २७४-२७५)। खोपासीदेखि उत्तरपश्चिम र खंपुदेखि दक्षिण-पश्चिम इलाकालाई के भनिन्थ्यो भन्ने विषयमा अहिलेसम्म कुनै सूचना थिएन। बासडोलको यो अभिलेखले त्यो सिँगो इलाकालाई पुनांगुं भनिन्थ्यो भन्ने स्पष्ट भएको छ।

पुनांगुं यो संस्कृतेतर भाषाको स्थाननाम हो। यसमा भूप्राकृतिक संरचना जनाउने प्रत्यय –गुं लागेको छ। वसन्तदेवकै सीतापाइलाको संवत् ४३० कै दशकको अभिलेखमा *हारागुङ् शिखर* आएको छ।[21] गणदेवको फर्पिङको संवत् ४७९ को अभिलेखमा *ब्रेम्गुंचो* र *मोगुंचो* जस्ता स्थाननाम आएका छन्। यसै अभिलेखमा –चो प्रत्यय लागेका *मिंदिचो* र *खाह्रिचो* जस्ता स्थाननाम पनि आएकाले अघिल्ला दुई ठाउँमा आएको –गुंले विशेष अर्थ राख्छ भन्ने स्पष्टै छ।[22] महेन्द्रमल्ल (राज्यकाल नेसं ६८०-६९४) द्वारा रचित भनिएको एउटा गीतमा *बिन तोया बिखुलि थें वनाव जित तल रे। गुँचोका थेङ निभाल थें बुलुसे जि वन॥* (तुलाधर ११०१: ६८३) अर्थात्, सर्पले काँचुली छाडेजस्तै म फ्याँकिएको छु, भीरमाथि टुप्पोको घामजस्तै धमिलिँदै म गएको छु, यसो भनिएको छ।यताबाट पर्वतशिखर

---

[18] "... बेम्मायामशीत्युत्तरस्य भूमि: १८०" (वज्राचार्य २०५३: ५१); "... बेम्पाग्रामे स्वयपुपारोपितनदीक्षेत्रखण्डद्वयं दत्तमिति।" (वज्राचार्य २०५३: १७१)।

[19] धनवज्र वज्राचार्य र मोहनप्रसाद खनाल दुवैले यो नाउँ *श्रीवनियंध्यविषय* पढेका छन् (वज्राचार्य २०६८: १३०; खनाल २०४०: १६०)।

[20] "... खैनष्पुप्रदेशे नवत्या भूमि: ९०" (वज्राचार्य २०५३: ५१)।

[21] "... रमुत्तरेणापि हारागुङ् शिखर ..." (वज्राचार्य २०५३: १३३)।

[22] प्राचीन नेपालका स्थाननामका विश्लेषणका लागि, आचार्य २०२०, आचार्य २०२३, वज्राचार्य २०२५, मल्ल १९८१, विट्जेल १९९१, तमोट ११०१ र तिवारी २००१ हेर्नुस्। यस विषयमा साङ्गोपाङ्ग अध्ययन अझै अपेक्षित छ।

(चो) मुन्तिरको बाक्लो जङ्गलले ढाकेको भिरालो भूभागलाई *गुं* भनिन्थ्यो भन्ने बुझिन्छ।[23] अहिले पनि नेवारीमा *गुं* शब्दले यस्तै भूभागलाई जनाउँछ।



नक्शा ३: पुनांगु र मंग्वर विषयको काल्पनिक भूगोल। नक्शाङ्कन: दिवेश मास्के।

पुनां यो शब्दले माथि उल्लेखित सिँगो इलाकालाई बुझाउँथ्यो। मैले हेर्दा, वर्तमान पनातिको –ति प्रत्ययलाई खोलावाची मान्ने हो भने पना यो शब्दकै लिच्छविकालिक रूप *पुनां* हो। *पुनां* अथवा *प्वनां* खास अहिले पुण्यमाता (पुण्यमती) भनिने नदीद्वारा सिक्त उपत्यका र पनाति आसपासका बस्तीलाई द्वार मानेर, नाला-साँगा-बनेपा-धुलिखेल-पाँचखालदेखि दक्षिण, पुण्यमती र रोशी नदीले काटेको उपत्यका, गल्सी, आवागमनको बाटो, त्यो संरचना वरिपरिको भेगलाई जनाउने जिल्ला थियो। यसको पूर्वमा सुनकोशीको साँधसम्म पुगेको दुम्जालगायतको *मंग्वर विषय* रहेको थियो। (नक्शा ३ हेर्नुस्)। *पुनां* जिल्ला नेपालको मधेस-तराई र चीनको तिब्बती नाकाबाट काठमाडौँ उपत्यका प्रवेश गर्ने चल्तीको लिच्छविकालिक द्वार नाका हुनुपर्छ।

---

[23] भोट-बर्मेली भाषापरिवारमा डाँडा शब्दको आद्यरूप **स्-गङ्* मानिएको छ (म्याटिस्सोफ २००३: ३०३)।

राष्ट्रिय अभिलेखालयमा रहेको भनिएको नेसं २७० को *कुब्जिकामत* ग्रन्थको पुष्पिकामा *पन्नगविषय* स्थाननाम परेको छ (पेतेक १९८४: ६६)। ऐश्वर्यधर शर्माको सङ्ग्रहमा रहेको नेसं २८२ को ताम्रपत्रमा *पनुंगविषय* भन्ने ठाउँ आएको छ (पन्त र शर्मा १९७७: २८-२९)। *गोपालराजवंशावली*मा परेको, नेसं ४६६ को एउटा टिपोटमा *पुनन्ती* नाउँ परेको छ (वज्राचार्य र मल्ल १९८५: ७२)। राष्ट्रिय अभिलेखालयमा रहेको भनिएको नेसं ४८१ को हस्तलिखित ग्रन्थ *सुग्रीवशास्त्र*को पुष्पिकामा *पुन्यमतीनगर* उल्लेख भएको छ (पेतेक १९८४: १३०)। *गोपालराजवंशावली*मै परेको, नेसं ४९७ को एउटा टिपोटमा *प्वनन्ती* आएको छ (वज्राचार्य र मल्ल १९८५: ६५)। राष्ट्रिय अभिलेखालयमा रहेको नेसं ५१६ मा सारिएको, अर्को हस्तलिखित ग्रन्थ *दशकर्मपद्धति*को पुष्पिकामा *पूर्ण्णमतीदेश* भनिएको छ (पेतेक १९८४: १५४)। शक्तिसिंह रामवर्द्धनको पालामा, नेसं ५४० मा मिङ सम्राट्ले पठाएका षण्ढ दूत तेङ-छङसँगै फर्केका चीनियाँहरू *य-ल*, *खो-प* *रयु-न*को बाटो भएर फर्केको विवरण भेटिन्छ (पेतेक १९८४: २१९)। यसरी बासडोलमा पाइएको उपर्युक्त अभिलेखले हामीलाई ती यात्रीले भक्तपुर-बासडोल-पनाति भएर हिँडेका रहेछन् भन्ने सूचना दिनुसँगै पनाति भेगको प्राचीनता खोतल्ने एउटा बलियो सूत्र उपलब्ध गराएको छ। यसरी पुनन्ती, पुन्यमती, प्वनन्ती, पूर्ण्णमती हुँदै पनाति (पन्ति) भनिएको ठाउँ पूर्वमध्यकालको *पन्नग*, *पनुंग* विषयभित्र र लिच्छविकालिक *पुनां* अथवा *प्वनां* भेगमा पर्ने, कुनै खोला (-ति) किनारमा रहेको शहरबस्ती थियो भन्न धेरै गाह्रो छैन। स्थानीय भेगको तामाङ बोलीचालीमा पनातिलाई अझै *पुनधि* अथवा *पुनरि* भनिने पनि यो सन्दर्भमा चाखलाग्दो तथ्य भएको छ।

पूर्वमध्यकालमा देखापरेको *पन्नग*, *पन्नुंगविषय*लाई पनाति वरिपरि तोक्दा अहिलेसम्म स्थापित मतसँग कुरो बाझिन्छ। *पन्नग* विषयलाई महेशराज पन्त र ऐश्वर्यधर शर्माहरूले पश्चिम-नेपालको गण्डकपारिको मगरात क्षेत्रमा पुऱ्याएका छन् (पन्त र शर्मा १९७७: २८-२९)। यस्तै मत धनवज्र वज्राचार्यको पनि छ (वज्राचार्य २०६८: २२-२४, ८८-८९)। *पन्नंग*विषयभित्र *झोण्टेश्वर* (*झोंटेश्वर*) महादेव रहेको, यही महादेव उल्लेख भएको नेसं २२१ को अर्को ताम्रपत्रमा *मंग्वर विषय* र *राणक* शब्द जनिएको, र *मंग्वर विषय*ले वर्तमानको मगरात क्षेत्र र *राणक*ले वर्तमानको राना(मगर) हुनसक्ने भएकाले विद्वान्हरूले यसरी *पन्नंग*लाई गण्डकीपारि पुऱ्याएका हुन्। *पन्नंग*लाई मगरात क्षेत्रतिर लैजाँदा केही बाधा पनि थिए। जस्तो, पहिलो कुरो, *झोण्टेश्वर* महादेव नेपालका प्रख्यात चौसठ्ठी शिवलङ्गको सूचीमा देखिँदैन। दोस्रो कुरो, नेसं २२१ र २८२ को दुइटै ताम्रपत्रमा *इदाभावो*, *धक्नप*, *मीभिङ्गुभावो*, *हर्षवयि* जस्ता नेवार व्यक्तिवाची नाम र *यखरपश्छिम टोल*जस्ता नेवारी स्थाननाम आएको छ। नेसं २७० को *कुब्जिकामत*को पुष्पिकामा *पन्नग* विषयभित्र *यूप टोल* पर्ने र त्यहाँ *कुलपुत्र फुलङ नायक* बस्ने देखिएको छ। यो विवरणले

पनि *पन्नग विषय*भित्र नेवारबहुल ठाउँ थिए भन्ने देखिन्छ। तेस्रो कुरो. नेसं २८२ को ताम्रपत्रमा प्रतिष्ठा गरिएको बालचक्रसहितको उमामहेश्वर पनि ठम्याउन सकिएको थिएन।

चित्र १.दुम्जा कुशेश्वरस्थित बालचक्रसहित उमामहेश्वर (फोटो: लेखक)

अहिले दुम्जाको कुशेश्वर महादेवको नाउँले प्रख्यात शिव-परिसरमा त्यो मूर्ति फेला परेको छ। मूर्तिमा अभिलेख त छैन। तर त्यो भव्य र विशाल प्रतिमाको लक्षण हेर्दा त्यसलाई ईस्वीको एघारौँ शताब्दीतिर राख्न सकिन्छ (चित्र १)। कुशेश्वर महादेव यो नाउँ त्यति पुरानो पनि होइन। मन्दिर परिसरमा रहेका मध्यकालिक शिलापत्रमा यो नाउँ परेको छैन। कुशेश्वर महादेवै पूर्वमध्यकालिक *झोण्टेश्वर* हुन् कि भन्ने लाग्छ। *मंग्वर विषय*लाई मंगलटारलगायत दुम्जावरिपरीको प्रदेश मान्न सकिन्छ। मंगलटारमा कम्तीमा तीन वटा पूर्वमध्यकालिक शिवलिङ्ग फेला परेका छन्। यसरी नेसं २८२ को उपरोक्त ताम्रपत्रमा *झोण्टेश्वर* महादेवको क्षेत्रमा नै बालचक्रसहित उमामहेश्वरको मूर्ति प्रतिष्ठा गरिएको. ताम्रपत्रमा उल्लेखित देवता अहिले कुशेश्वर महादेवस्थानमा पाइएकोले,ताम्रपत्रमा उल्लेख भएको *मंग्वर विषय*मंगलटार लगायत सुनकोशीको साँधदेखि पश्चिमको भूभाग

मान्नु उपयुक्त हुन्छ। त्यससँगै पश्चिमतिर जोडिएको विषय *पन्नग-पनुंगविषय* थियो, र यी दुवै विषयको साँध दुम्जा गाउँ थियो भन्ने निश्चितप्राय: भएको छ।

३घ। पुरालिपिक महत्त्व

माथि भने झैँ, बासडोलको अभिलेखको पुरालिपि अध्ययनमा महत्त्वबारे छुट्टै अध्ययन गर्न आवश्यक छ। अहिलेलाई यस विषयमा एक जना विद्वान्को तल १ अनुसुचीमा परेको टिप्पणीबाटै चित्त बुझाउनु परेको छ।

सन्दर्भ-कृति

आचार्य २०२०

बाबुराम आचार्य। २०२०। लिच्छवी कालका शिलालेखमा किरातकालको झलक देवपाटन, भादगाउँ, पाटन र काठमाडौँका किरात नाम। *नेपाली* १६: ३-३१।

आचार्य २०२३

बाबुराम आचार्य। २०२३। नेपालको सबभन्दा पुरानो सभ्य बस्तीको स्थापना, विकास र भिन्न भिन्न समयका नामावली। रमझम २(३): १०-२१।

जोनसन १८५२

फ्रान्सिस जोनसन। सन् १८५२। *अ डिक्शन्अरि. पर्शन.यार्अबिक यान्ड इङ्ग्लिश*। लण्डनः विलियम एच अलेन यान्ड कम्पनि।

तमोट ११०१

काशीनाथ तमोट। नेसं ११०१। लिच्छवि अभिलेखया संस्कृत मखुगु खँग्वःया ल्याःचा। *खेलुइता* २: १३१-१३६।

तिवारी २००१

सुदर्शनराज तिवारी। सन् २००१। *दि एन्शन्ट् सेट्ल्मेन्ट्स अफ दि काठमाण्डु भ्याल्ई*। कीर्तिपुर: सेन्टर फर नेपाल यान्ड एशिअन स्टडइज।

तुलाधर ११०१

मानदास तुलाधर (सङ्कलक)। नेसं ११०१। *पुलांगु मे मुना*। सम्पादक: काशीनाथ तमोट। कान्तिपुर: नेपाल भाषा परिषद्।

पन्त २०४१

महेशराज पन्त। २०४१। हीरहडगल्लिको ताम्रपत्रको अट्ठारसजाति के अठाह्र जात हो? *पूर्णिमा* ५९: १५-२०।

पन्त २०६९

महेशराज पन्त। २०६९। सामन्तवादको सन्दर्भ। *राजधानी* १२(१०६): ७। १ आश्विन।

पन्त र अरू २०७१

महेशराज पन्त, सहायकहरू प्रकाश खड्का, भरत गिरि, रोशनी श्रेष्ठ। २०७१। लिच्छविकालका २ बौद्ध शिलालेख। *पूर्णिमा* १४१: १-२२।

पन्त र अरू २०७२

महेशराज पन्त, सहायकहरू प्रकाश खड्का, भरत गिरि, रोशनी श्रेष्ठ। २०७२। लिच्छवि राजा प्रथम शिवदेवका २ सनद। पूर्णिमा १४२: ५४-६३।

पन्त र शर्मा १९७७

महेशराज पन्त र ऐश्वर्यधर शर्मा। सन् १९७७। *दि टू अर्लिएस्ट कप्‌अरप्लेट इन्स्‌क्रिप्‌शअन्स फ्रम नेपाल*। काठमाडौँ: नेपाल रिसर्च सेन्‌टर।

पेतेक १९८४

लुछ्याण्हो पेतेक। सन् १९८४। *मेड्इभल हिस्‌टरि अफ नेपाल* (७५०-१४८२)। द्वितीय संवर्द्धित संस्करण। रोम: इन्स्टिट्युटो इटालियानो पर इल मेडिओ एड एस्ट्रेमो ओरिएण्टे।

मल्ल १९८१

कमल पि. मल्ल। सन् १९८१। लिङ्ग्विस्टिक आर्‌कीअल्‌अजि अफ दि नेपाल *भ्याल्ई: अ* प्रिलिम्इनरि रिपर्ट। *कैलाश* ८: ५-२३।

म्याटिस्सोफ २००३

जेम्स ए म्याटिस्सोफ। सन् २००३। *ह्यान्‌बुक अफ प्रोटो-टिबेटो-वर्मन: सिस्‌टिम यान्ड फिलस्‌अफि अफ साइनो-टिबेटन रिकन्‌स्ट्रक्शन*। यूनिभर्‌सिटि अफ क्यालिफोर्निया प्रेस। http://escholarship.org/uc/item/19d79619। १३ नोवेम्बर २०१८ मा हेरिएको।

योगेश राज ११२०

योगेश राज। नेसं ११२०। *पन्तिया अभिलेख*। पन्ति: नसंचा पुच:।

राजवंशी २०७३क

श्यामसुन्दर राजवंशी। २०७३। स्वयम्भूमा प्राप्त भएको अप्रकाशित लिच्छविलिपि अभिलेख। *अभिलेख* ३४: ६८-७३।

राजवंशी २०७३ख

श्यामसुन्दर राजवंशी। २०७३। काभ्रे भकुण्डे बेसी स्थित लिच्छविकालका अप्रकाशित अभिलेख। *प्राचीन नेपाल* १९४: ५६-५९।

वज्राचार्य २००९

गौतम वि. वज्राचार्य। सन् २००९। *द क्रीचर्‌स अफ दि रेन रिभ्‌अर्‌स, क्लाउड लेक्स: नेवार्‌स सअ देम, सो डीड एन्‌शन्ट् इण्डिआ*। https://www.asianart.com/articles/rainrivers/index.html#24a। २०७५ कार्तिक २२ गते हेरिएको।

वज्राचार्य २०२५

धनवज्र वज्राचार्य। २०२५। लिच्छविकालिक बस्ती। *पूर्णिमा* १८: ८७-१०१।

वज्राचार्य २०५३

धनवज्र वज्राचार्य। २०५३ (२०३०)। *लिच्छविकालका अभिलेख*। कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र।

वज्राचार्य २०६८

धनवज्र वज्राचार्य। २०६८। *पूर्वमध्यकालका अभिलेख*। कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र।

विट्जेल १९९१

माइकल विट्जेल। सन् १९९१। नेप्लीज हाइड्रोनोम्इ: टुवर्ड्स अ *हिस्टरी अफ सेट्ल्मेन्ट्स इन दि हिमालयज*।http://www.people.fas.harvard.edu/~witzel/hydro.pdf २०७५ पुस ६ गते हेरिएको।

सरकार १९६६

डि सि सरकार। सन् १९६६। *इण्डिअन इपिग्राफिकल ग्लसरी*। दिल्ली, वाराणसी, पटना: मोतिलाल बनारसीदास

चित्र २   बासडोलको वसन्तदेवको संवत् ४३४ को अभिलेख।

अनुसूची १

बासडोलको वसन्तदेवको अभिलेखको पुरालिपिका दृष्टिले महत्त्व

नयनाथ पौडेल

(बासडोलमा वसन्तदेवको अभिलेख फेला परेपछि मैले त्यसको फोटो लिच्छवि लिपिमा धेरै वर्ष काम गरेका आफ्ना अग्रजहरू महेशराज पन्त, नयनाथ पौडेल र श्यामसुन्दर राजवंशीहरूलाई पठाएँ। सधैँ झैँ उनीहरूले सस्नेह मलाई अक्षर खुट्याउन र अर्थ लगाउन मद्दत गरे। नयनाथ पौडेलले भने बासडोल अभिलेखको फोटो पाएपछि २०७५ कार्तिक २६ गते यो अभिलेखले नेपालको पुरालिपि अध्ययनमा नयाँ सामग्री उपलब्ध गराएको कुरा ईमेलमार्फत् लेखे। उनीबाट प्राप्त ईमेलको उतार तल दिइएको छ।)

पृष्ठ १

लिच्छवि अभिलेखको पाठ

१। वसन्तदेवराज्ञा सह श्रीसामन्तेन अनुज्ञात: दूतक स्वजन हूं अशढमासे शुक्लपक्षे तित्थो पोर्ण्णमास्याम्

२। संवत् ४०० ३० ४ - - - - णे ब्रह्मुं महोदए पुनंगु

टिप्पणी

यस अभिलेखमा पहिलो पङ्क्तिको मासे शब्दको अगाडि अशढ पाठ पढिएकोमा यो विचारणीय छ। तिथौ हुनुपर्नेमा तित्थो भएको र पौर्ण्णमास्याम् हुनुपर्नेमा पोर्ण्णमास्याम् कुँदेको देखिएकोले कुँद्ने कलाकारले त्यति ध्यान नपुऱ्याएको हो कि भन्ने पनि लाग्दछ। अर्को पक्ष विचार गर्दा अ श पढिसके पछिको अर्को अक्षर र पढेर त्यसमाथि विन्दु पढ्न पनि सकिने नै देखिन्छ। यसरी पढियो भने त्यसपछि अर्को आधा अक्षरको भाग अझै बाँकी रहन्छ। त्यसमाथि र पढ्न पनि यही पङ्क्तिमा राज्ञा लेख्दा र जति मोटो र लामो छ, त्यति लामो र मोटो यस अक्षरको दण्ड देखिँदैन। त्यसैले लाजिम्पाटको क्षेमसुन्दरीको अभिलेखको पङ्क्ति ४ (रेग्मी संख्या ५) मा लेखिएको दृढङ् शब्दको ढ अक्षरसँग समानता रहेको देखिएकोले यस अक्षरलाई ढ पढी अशढ पाठ पढिएको हो। दोस्रो पङ्क्तिको महोदए पाठ पनि विचारणीय नै छ। यसमा खास गरेर नयाँ पुस्ताका विशेषज्ञहरूको परिश्रम अझै बाँकी रहेको देखिन्छ।

दुई पङ्क्तिको भए पनि राजा वसन्तदेवको नाम उल्लेख हुनुका साथै सामन्त, दूतक एवं ब्रह्मुं जस्ता उच्च प्रशासनिक अधिकारीहरूको समेत उल्लेख भएबाट यस अभिलेखले लिच्छविकालको प्रशासनिक इतिहासमा निश्चय पनि नयाँ प्रकाश त पार्छ नै! लिच्छवि कालको लिपिको विकासको अध्ययनका क्रममा पनि यस शिलालेखबाट महत्त्वपूर्ण पक्ष उजागर भएको छ भन्ने विषयमा पनि तल एउटा उदाहरण प्रस्तुत गर्ने प्रयास गरिएको छ।

पो वर्णको विविध किसिमका रूपहरू

किसिम १

द्विभुज भएको प वर्णमा पाठकले हेर्दा दायँपट्टिको भुजामा आकारको चिह्न दिई बायाँ भुजामा एकारको चिन्ह दिएको – पशुपतिको द्वितीय जयदेवको विसं ७९० को शिलालेखको ३५ पङ्क्ति (नोली संख्या ८१) मा लव्धप्रतापो लेख्दा पो अक्षर यसै गरी लेखिएको छ।

किसिम २

द्विभुज भएको प वर्णमा बायाँ भुजामा एकारको चिह्न दिई सोही भुजाबाट पर वर्णको समाप्तिसम्म तानेर आकारको चिह्न दिएको – चाँगुनारायण स्थानको राजा मानदेवको विसं ५२१ को स्तम्भलेखको तेस्रो पाटाको १० पङ्क्ति (नोली संख्या १) मा तपोभि लेख्दा पो अक्षर यसै गरी लेखिएको छ।

किसिम ३

द्विभुज भएको प वर्णमा दायाँ भुजामा आकारको चिह्न दिई बायाँ भुजामा अहिलेको देवनागरी लिपिको एकलख जस्तो एकारको चिह्न दिएको – चाँगुको शिवदेव + अंशुवर्माको अभिलेखको १५ पङ्क्ति (नोली संख्या ३४) मा चलकाक्षेपोसौ लेख्दा पो अक्षर यसै गरी लेखिएको छ।

किसिम ४

द्विभुज भएको प वर्णमा दायाँ भुजामा आकारको चिह्न दिई दायाँ भुजामा नै अहिलेको देवनागरी लिपिको एकलख जस्तो एकारको चिह्न दिएको – बुढानीलकण्ठको शिवदेव + अंशुवर्माको विसं ६५३ को अभिलेखको पङ्क्ति ६ (नोली संख्या २७) मा प्रतापो लेख्दा पो यसै गरी लेखिएको छ।

किसिम ५

द्विभुज भएको प वर्णमा बायाँ भुजामा आकारको चिह्न दिई सोही बायाँ भुजामा नै एकारको समेत चिह्न दिएको – प्रस्तुत राजा वसन्तदेवको नामोल्लेख भएको विसं ५७० को अभिलेखको पङ्क्ति १ मा पोर्णमास्याम् लेख्दा पो अक्षर यसै गरी लेखिएको छ।

माथिका उदाहरणहरूबाट यस अभिलेखले पुरालिपिको अध्ययनको विधामा पनि नयाँ प्रकाश पारेको छ भन्न सकिन्छ। *

संवत् २९५ को अमृतदेवको नाम उल्लेख भएको भक्तपुर खौमाटोलमा रहेको अभिलेख

योगेश राज

प्रकाशनको संक्षिप्त इतिहास

यो अभिलेखको मूलपाठ सबैभन्दा पहिले योगी नरहरिनाथले *इतिहास प्रकाश*को अङ्क २ भाग ३ मा छपाउँदा संवत् २८५ पढे। उनले मूलपाठमा *आ ꣸ह* यसो र व्याख्यामा *आथह (२८५)* यसो दिए (नरहरिनाथ २०१३:५४२-५४३)। त्यसपछि यसको मूलपाठ र नेपाली अनुवाद भोलानाथ पौडेलले *पूर्णिमा* पूर्णाङ्क ३मा छपाए। भोलानाथ पौडेलले अभिलेखमा परेको अक्षराङ्क *आ ꣸ह* ठम्याए र अरू ऐतिहासिक आकरका आधारमा यसको संवत् २९५ हो भनी निक्यौल गरेर योगी नरहरिनाथको संवत् शुद्ध छैन भने (पौडेल २०२१: २८)।डिल्लीरमण रेग्मीले *मेड्इभल नेपाल* पुस्तकको पहिलो खण्डको परिशिष्टमा यो अभिलेख फेरि छापे। उनले पुस्तकको मूलभागको पादटिप्पणीमा अभिलेख संख्या १५ भनेपनि परिशिष्टमा चाहिँ संख्या १७ को रूपमा यो अभिलेख दिए (रेग्मी १९६५:१८४. पा.टि.३१, परिशिष्ट९)। डिल्लीरमण रेग्मीले अर्को पादटिप्पणीमा '*इतिहास प्रकाश*मा पनि यो छापिएको छ' भने पनि योगी नरहरिनाथको प्रकाशित पाठसँग आफ्नो पाठ दाँजेनन्। उनले मूलबाट पढेका पनि थिएनन्। यो कुरा उनलेसंवत्को दशस्थानी अक्षराङ्क छुटाएबाट र मूल ढुङ्गोको दोस्रो हरपमा सङ्केत दिई सिरानमा थपिएका अक्षर नपढेबाट स्पष्ट हुन्छ।लुछयाह्को पेतेकले *मेड्इभल हिस्टरि अफ नेपाल* पुस्तकमा यी तीनै जनाको साभार भनेर संवत् उल्लेख भएको अंश मात्र दिए (पेतेक १९८४:७०)। अमृतदेवको राज्यावधि कोट्याउने ध्येय भएकाले उनले मूलपाठमा आएको विवरणसँग खासै मतलब राखेनन्।

धनवज्र वज्राचार्यले आफ्नो *पूर्वमध्यकालका अभिलेख* पुस्तकमा अभिलेख संख्या ३१ को रूपमा यो अभिलेख पुन: छपाए। त्यहाँ यो अभिलेख पहिले *पूर्णिमा* पूर्णाङ्क ३ मा छापिएको थियो भन्नुपर्नेमा पूर्णाङ्क ७ को पृष्ठ २८ मा छापिएको थियो भनेर लेखिएको छ (वज्राचार्य २०६८:११२-११३)। धनवज्र वज्राचार्य बितेपछि पुस्तक प्रकाशित भएकाले यो त्रुटि उनको थियो कि उनका सम्पादकको, भन्न सकिएन।अभिलेखको परिचय दिँदा भोलानाथ पौडेलको पाठ र अनुवादै आफुले दिएको

हुँ भनी धनवज्र वज्राचार्यले लेखेका छन्। तर भोलानाथ पौडेलको पाठमा उनले तीन ठाउँमा हल्का संशोधन गरेका देखिन्छन्। अनुवादमा पनि हेरफेर देखिन्छ। आफैले मूल पाठ र अनुवाद पहिले दिएका भए अहिले धनवज्र वज्राचार्यले कि आत्मसंशोधन भनेर उल्लेख गर्थे, कि भोलानाथसँग आफ्ना पाठभेद खुट्याउँथे। उनले यसो नगरेकाले पुस्तकका सम्पादकले धनवज्र वज्राचार्यको पाण्डुलिपिमा आफूखुशी परिमार्जन गरे भन्ने लाग्छ। भोलानाथ पौडेलले अमृतदेवको नामोल्लेख भएका अरू केही सन्दर्भ पनि खोतलेका थिए भने यहाँ धनवज्र वज्राचार्यले अभिलेखको मूलपाठ, अनुवाद र व्याख्या दिएका छन्।२०५६ सालमा छापिएको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन*को दोस्रो भागमा गोविन्द टण्डनले यो अभिलेख पशुपतिसँग सम्बन्धित देखिएकाले फेरि प्रकाशित गरे। त्यहाँ यसको पाठ र अनुवाद फेरि अलिअलि फरक छ (टण्डन २०५६:४३)।

भोलानाथ पौडेलले यो अभिलेख भक्तपुर खौमाटोलमा रहेको बताए। धनवज्र वज्राचार्यले स्थान उही दिएपनि यसलाई 'अभिलेख कुँदिएको शिलापत्र' भनेका छन् (वज्राचार्य २०६८:११२)। व्याख्या भागमा उनले यसो लेखेका छन्:

> यो अभिलेख कुँदिएको शिला हाल भक्तपुरमा रहेको छ। यस अभिलेखमा उल्लिखित जलद्रोणी भने कहाँ छ, पत्ता लाग्न सकेको छैन। यस कारण जलद्रोणी बनाएर कहाँ राखिएको थियो, अलि अस्पष्ट रहेको छ। शिलालेखको बेहोरा हेर्दा जलद्रोणी पशुपति मृगस्थलीमा राखिएको थियो भन्ने देखिन्छ। शायद मृगस्थलीमा रहेको अभिलेख दाताका वंशजहरूले पछि भक्तपुरमा लगेका हुन् कि भन्ने अनुमान हुन्छ। (वज्राचार्य २०६८:११३)

यो उद्धरणबाट धनवज्र वज्राचार्यले अभिलेख कुँदिएको शिला र जलद्रोणी छुट्टाछुट्टै ठानेका थिए भन्ने स्पष्ट हुन्छ। पुस्तकका अरू अरू अभिलेखमा धनवज्र वज्राचार्य आफैले र उनको पुस्तक सम्पादन-प्रकाशनमा पछि जुटेकाहरूले खोजीखोजी प्रत्येक अभिलेखको छविचित्र अथवा छापाको प्रतिलिपि दिएका छन्। पुस्तक साङ्गोपाङ्ग बनाउन पछिल्ला कर्ताहरूले विशेष प्रयास गरेको कुरा पुस्तकको प्रकाशकीयमा परेको छ (वज्राचार्य २०६८:च)। तर यो अभिलेखमा त्यस्तो छविचित्र अथवा छापा दुवै दिइएको छैन। त्यसैले पुस्तकका लेखकले र उनको मृत्यूपरान्त त्यसको सम्पादन-प्रकाशनमा लागेकाहरूले समेत सो जलद्रोणी फेला पार्न नसकेको देखिन्छ।

गोविन्द टण्डनले अभिलेख 'भक्तपुर इन्द्राणीअगाडि खौमाहिटीदेखि उत्तरपट्टिको घरको पेटीमा रहेको जलद्रोणीमा उत्कीर्ण छ' यति भनेका छन् र अभिलेखको नाप ११.५"×३" दिएका छन् (टण्डन २०५६: ४३)। नापै दिएका हुनाले उनले यो अभिलेखयुक्त जलद्रोणी देखेको हुनुपर्छ भन्ने अनुमान हुन्छ। तर उनले योगी नरहरिनाथले दिएका अभिलेखको अवस्थिति पछयाएका देखिँदैनन्। किनभने, अभिलेख सबैभन्दा पहिले छापेका योगी नरहरिनाथले अभिलेखको अवस्थिति खुलाएरै यसो लेखेका छन्:

> अन्तिम लिच्छवि लिपिमा (लेखिएको) यो अभिलेख. नेपाल भक्तपुर राजकुल (लायकु=दरबार) पश्चिम द्वार इन्द्राणी अगाडी खौमाहिटि देखि उत्तर घरका पेटीमा ल्यायेर पल्टायेर हालेका जलद्रोणी (जलको दुनु=जलधेनु)मा छ। (नरहरिनाथ २०१३:५४२)

यसरी यो अभिलेख छाप्ने पूर्वसुरिहरूमध्ये योगी नरहरिनाथ र कदाचित् गोविन्द टण्डनबाहेक अरूले जलद्रोणी खोजेर पाठ रूजु गरेको देखिएन। गोविन्द टण्डनले पाठालोचनाको धर्म पूरै निर्वाह गरेका छैनन्। यो कुरा तल दिइने पाठान्तरबाट पनि स्पष्ट हुनेछ। अरूले पढेका पाठ सार्ने अथवा मूल नहेरी छापाबाट पढ्नेहरूले स्रोत र विधि नबताउँदा प्राज्ञिक धर्म निर्वाह गरेका भन्न सकिएन।

यही २०७४ असोज १५ गते बेलुका साथी सूर्यलाल खर्बुजाले जलद्रोणीलाई यथास्थान फेला पारे। भक्तपुर दरबारदेखिपश्चिम इन्द्राणीको देवगृह हुँदै उत्तरतिर तिनको पीठसम्म पुग्ने मूलबाटोमा यो जलद्रोणी राखिएको घर पर्छ। पर्सिपल्ट त्यहाँ पुग्दा जुन घरको पेटीमा यो अभिलेख पाइएको थियो, त्यसका घरमूलीलाई समेत यो जलद्रोणी कहाँबाट आयो थाहा भएको देखिएन। अहिले त्यस घरमा राजोपाध्याय ब्राह्मणहरूको वसोवास छ। दक्षिणतिर नजिकै खौमाहिटी भनिने गहिरो ढुंगेधारा छ। यो भेगलाई हिजोआज खौमा भनिन्छ। यो पूर्वमध्यकालिक स्थाननाम *खनिमं*बाट आएको हो। यस टोलमा मल्ल राजपरिवारनजिकका नातेदार र भारदारहरू प्रधान, प्रधानांग, मल्ल, हाडा. कायस्थआदिका वंशजको बाहुल्य छ।

यो अभिलेख पूर्वमध्यकालमा *युथुनिमम्* भनिने, हालको भक्तपुर राजदरबारक्षेत्र नजिक पाइएका प्राचीनतममध्ये एउटा हो। सुक्रीबिक्रीका ताडपत्र लिखतमा परेका ऋणी अथवा ग्राहक र धनीका थरठेगानाका आधारमा *युथुनिमम्*को अवस्थिति मैले पहिले प्रकाशमा ल्याइसकेको छु (राज २००१)। यो अभिलेख रहेको स्थानदेखि पूर्व, दरबारक्षेत्रको उत्तरपूर्व तुलाछेँ (मध्यकालिक *तुपलाछेँ~तुपलाछ*) टोलमाशिवदेव-अंशुवर्माको संवत् ५१२ को लिच्छवि अभिलेख भेटिएको थियो (वज्राचार्य २०५३: २५३-२५६)। दरबारक्षेत्र पूर्वतिर सुकुलढोकामा संवत् २०० को उत्तरलिच्छवि अभिलेख पाइएको थियो (श्रेष्ठ २०५६: ३-४, १)। दक्षिणपूर्वतिर भैरवस्थानमा संवत् ८८ को लिच्छवि अभिलेख (राज २०५५: ८-९, ४) र तिलमाधव नारायणस्थानमा संवत् २८३ को आनन्ददेवको अभिलेख (वज्राचार्य २०६८: ९३-९६) पाइएको थियो। यो अभिलेखयुक्त जलद्रोणीदेखि झण्डै १०० मीटर पूर्वदरबारक्षेत्रभित्रै जगन्नाथ देवलको पेटीमा संवत् ३४७ को अभिलेख फेला परेको थियो (श्रेष्ठ २०५७: ३-४)। यसरी हालको भक्तपुर दरबारक्षेत्र मध्यकालमा यथुनिमम् रहेको र लिच्छविकालदेखि यो क्षेत्र गुलजार रहेको प्रमाणित भएको छ।

अमृतदेवको यो अभिलेखको छविचित्र अहिलेसम्म प्रकाशित छैन। अभिलेखको मूलपाठ र अनुवादमा पूर्वसुरिहरूबीच मतभिन्नता देखिन्छ। जलद्रोणी स्थापना गर्ने दाताको नामसमेत तिनले अशुद्ध दिएका छन्। यहाँ शिलालेखको छविचित्र, देवनागरीमा त्यसको मूलपाठ, नेपालीमा अनुवाद र अमृतदेवका शासनकालसँग सम्बन्धित मैले भेट्टाएजति आकर दिएको छु। अन्त्यमा, यिनै सामग्रीका आधारमा अमृतदेवबारे छोटो टिप्पणी प्रस्तुत गरेको छु।

अभिलेखको प्रतिछवि, मूलपाठ, अनुवाद

१। भक्तपुर खौमाटोलमा रहेको संवत् २९५ को अमृतदेवको नाम उल्लेख भएको अभिलेखको छविचित्र



२। मूलपाठ

शुप[24]

१। ॐ[25] सम्वत[26] आ ५ ह[27] वैशाखशुक्ल[28] तृतीयायां । राजाधि[29]

२। राजश्रीअमृतदेवस्य विजयराज्ये[30] श्रीप४ती[31] मृगस्थल्यां

३। विजैक र्त्ति[32] भारी। दिवंगतपुत्र जैब्रह्म[33] जीवस्य उदेसन[34] ज

---

[24] पूर्वसूरिहरू कसैले पनि यति भाग पछि थपिएको जनाएका छैनन्।

[25] नरहरिनाथ – २ (ॐ); धनवज्र –ॐ; भोलानाथ ओं: डिल्लीरमणले केही लेखेका छैनन्।

[26] नरहरिनाथ, धनवज्र सम्वत्; भोलानाथ – "सम्वत्।

[27] नरहरिनाथ आ●ह; भोलानाथ, धनवज्र – २९५: डिल्लीरमण - आ ह

[28] नरहरिनाथ शुल्क

[29] डिल्लीरमण – (धि)

[30] नरहरिनाथ राजे (ज्ये)।; धनवज्र, भोलानाथ – राज्ये।

[31] नरहरिनाथ, धनवज्र, भोलानाथ श्रीपशुपती: डिल्लीरमण – श्रीपती

[32] नरहरिनाथ, धनवज्र – विजैकर्त्ति: भोलानाथ विजैकत्ति: डिल्लीरमण - विजैकर्त्ति

[33] नरहरिनाथ, धनवज्र, भोलानाथ जैद्रव्य: डिल्लीरमण – जैद्रथ

[34] डिल्लीरमण - उभेजन

४। लद्रोणिं दान कृता। जस्य[35] स्वर्गत्वं ब्रह्मत्वं। विष्णुत्वं। रुद्रत्वं[36]
५। संप्राप्तये। तेन दानपुंनेन मात्रा सुखी भवतु[37] शुभ[38]मिति॥

३। अनुवाद

(शुभ होस्)। संवत् २९५ वैशाखशुक्ल तृतियामा(।) राजाधिराज श्रीअमृतदेवको विजयराज्यमा(।) श्रीपशुपति मृगस्थलीमा विजैक स्त्री भारीले बितेका छोरा जैब्रह्म जीवलाई लख गरी जलधेनु दान गरिन्। जसबाट (छोरालाई) स्वर्गत्व, ब्रह्मत्व, विष्णुत्व र रुद्रत्व प्राप्त होस्। त्यो दानको पुण्यले आमालाई सुख होस्। यति शुभ होस्।

योगी नरहरिनाथको अनुवाद यस्तो छ:

ॐसंवत् २८५ वैशाख शुदि ३ राजाहरुका माथिका राजा श्रीअमृतदेवका विजय राज्य (जितेका राज्य) मा। श्रीपशुपति मृगस्थलीमा विजयकर्त्री भारी (भारदारनी) (ले) स्वर्गवासी पुत्र जयद्रव्य जीवको उद्देश्य गरि जलधेनु दान गरिन्। जस्ले छोरा लाई स्वर्गत्व (देवत्व) ब्रह्मत्व विष्णुत्व भद्रत्व (रुद्रत्व = शिवत्व) प्राप्ति होस्। तेस दानपुण्यले आमा सुखी होउन्, शुभम्, इति॥ (नरहरिनाथ २०१३: ५४३)

भोलानाथले आफ्नो अनुवाद यस्तो दिए:

ने.सं. २९५ (वि.सं. १२३२) वैशाखशुक्ल तृतीयाको दिन राजाधिराज अमृतदेवको विजयराज्यमा पशुपति मृगस्थलीमा विजयकर्त्री भारी (भारदार्नी)ले (आफ्ना) दिवङ्गत छोरा जयद्रव्यको उद्देश्यले (यो) टुटेधारा दान गरिन्। जसबाट (छोरालाई) स्वर्ग ब्रह्मत्व, विष्णुत्व, रुद्रत्व प्राप्ति होस्। त्यो दानको पुण्यले आमालाई सुख होस्। शुभ (पौडेल २०२१:२८)

धनवज्रको अनुवादमा तल दिइएअनुसार संशोधन गरिएको छ:

ॐ। ने.सं. २९५ (वि.सं. १२३२) वैशाखशुक्ल तृतीयाको दिन राजाधिराज श्रीअमृतदेवको विजयराज्यमा श्रीपशुपति मृगस्थलीमा विजयकर्त्री भारीले दिवङ्गत छोराजयद्रव्य जीवको उद्देश्यले जलद्रोणी (टुटेधारा) बनाई दान

---

[35]डिल्लीरमण - तस्य

[36]नरहरिनाथ - स्वर्गत्व ब्रह्मत्व। विष्णुत्व भ(रु)द्रत्व; भोलानाथ, धनवज्र स्वर्गत्वब्रह्मत्वविष्णुत्वरुद्रत्व

[37]नरहरिनाथ - हवतु; भोलानाथ, धनवज्र भवतु।

[38]नरहरिनाथ शुह

गरिन्। जसबाट स्वर्गत्व, ब्रह्मत्व, रुद्रत्व प्राप्त होस्। यो दानको पुण्यले आमालाई सुख होस्। शुभ होस्। (वज्राचार्य २०६८: ११२)

यो पाठको गोविन्द टण्डनले दिएको अनुवाद यस्तो छ:

> ॐसंवत् २९५ (वि.सं. १२३२) वैशाखशुक्ल तृतीया तिथिमा राजाधिराज श्रीअमृतदेवको विजयराज्यमा श्रीपशुपति मृगस्थलीमा विजयकर्त्री भारीले दिवङ्गत छोरा जयद्रव्यजीवको उद्देश्यले स्वर्गत्व, ब्रह्मत्व, विष्णुत्व तथा रुद्रत्व प्राप्तिका लागि जलद्रोणी दान गरिन्। त्यस दानको पुण्यले आमा सुखी होऊन्। कल्याण होस्। (टण्डन २०५६: ४३)।

यसरी सामान्य ढङ्गले पूर्वसुरिहरूको अनुवाद उस्तै रहेपनि दाताको नाम रहेको ठाउँमा पदविच्छेदमा समस्या देखिएको छ। त्यस्तै, उनले जसलाई लख गरी जलद्रोणी दान गरिन्, त्यो छोराको नाम पनि अशुद्ध छ भन्ने कुरा अभिलेखको तेस्रो हरपलाई मूलसँग रूजु गर्दा स्पष्ट हुन्छ।

व्याख्यात्मक टिप्पणी

अमृतदेवको शासनकाल

शिवदेव वा सिंहदेव (नेसं १७७-२४६) का चार छोरामध्ये अमृतदेव (नेसं २३३-२९९) आफ्ना दाजुहरू महेन्द्रदेव (नेसं १९९-२६४), आनन्ददेव (नेसं २१९-२८७) र रूद्रदेव (नेसं २२८-२९५) पछि ६२ वर्षको उमेर राजा बनेका हुन्। अहिलेसम्म पाइएका ऐतिहासिक आकरका आधारमा दाजु रूद्रदेवले नेसं २९५ अग्रहण (मार्ग) पूर्णिमासम्म शासन गरेको भन्न सकिन्छ भने संवत् २९९ मार्ग शुक्ल ६ मा तिनका भतिजा सोमेश्वरदेवले शासन गरेको देखाउँछ (जोशी १९९१: ११९-१२०)। यसरी अमृतदेवको शासनकाल ३ वर्ष ११ महिनाभन्दा अलि बेसी हुन आउँछ।

अमृतदेवका शासनकालका अहिलेसम्म निम्नलिखित सामग्रीपाइएका छन्:

क। नेसं २९६ पौष पूर्णिमाको पाटनको रुद्रवर्ण महाविहारमा रहेको ताडपत्र (शाक्य २५२४: २२-२३; कोयल्फर र शाक्य १९८५: २१२)

ख। नेसं २९६ चैत्र पूर्णिमामा सार्न सिध्याइएको वीरपुस्तकालय (हाल, राष्ट्रिय अभिलेखालय)मा रहेको *दशक्रियापद्धति* नामक हस्तलिखित ग्रन्थ (पौडेल २०२१: २७; पेतेक १९८४: ७०; रेग्मी २००७ (१९६५): १८५)

ग। नेसं २९६ ज्येष्ठशुक्ल चतुर्थीमा सार्न सिध्याइएको वीरपुस्तकालय (हाल, राष्ट्रिय अभिलेखालय)मा रहेको *कुशुण्डीकर्मवैदिकमन्त्रसंग्रह* नामक हस्तलिखित ग्रन्थ (पौडेल २०२१: २७; रेग्मी २००७ (१९६५): १८५)

घ। नेसं २९६ ज्येष्ठकृष्ण (पूर्णान्तमानले, आषाढकृष्ण) अष्टमीमा स्थापित चाँगुको गणेशको मूर्तिको पादपीठ अभिलेख (मोहनप्रसाद खनालले गणेशको मूर्ति र डिल्लीरमण रेग्मीले 'मौलिक रूपले विष्णुको मूर्ति' भनेपनि मूलपाठ हेर्दा यो पादपीठ मौलिक रूपले कृष्णको मूर्तिको देखिन्छ (वज्राचार्य २०६८: ११४-११५; खनाल २०४०: १५९; रेग्मी २००७ (१९६५):१८४)

ङ। नेसं २९(८) माघशुक्ल द्वितीया उल्लेख भएको केशरपुस्तकालयमा रहेको *कुलिकाम्नाय* नामक हस्तलिखित ग्रन्थ (पेतेक १९८४: ७०; रेग्मी २००७ (१९६५): १८५)

च। नेसं २९८ माघ पूर्णिमा उल्लेख भएको पाटनको ज्येष्ठवर्णमहाविहारमा रहेको *पञ्चरक्षा* शीर्षकको हस्तलिखित ग्रन्थ (शाक्य र वैद्य १९७०: १६; पेतेक १९८४: ७१)

एउटा पूर्वमध्यकालिक भूतवृत्तान्तमार केशरपुस्तकालयमा रहेको अर्को संक्षिप्त वंशावलीमा समेत 'महामारी दुर्भिक्षं भवति' भनिएकोले अमृतदेवको शासनकालमा अनिकाल परेको र त्यसबाट ठूलै क्षति भएको सङ्केत मिल्छ (*गोपालराजवंशावली* पत्र २५क५-२५ख१, *गोपालराजवंशावली* परिशिष्ट पत्र ८)।त्यही भूतवृत्तान्तमा 'राजा श्रीअमृतदेव वर्ष ३ मा ११ तेन पञ्चप(पु?)र उत्रशाला खण्डचोक प्रतिष्ठिता'यसो लेखिएको हुनाले अमृतदेवले पञ्चपुरको उत्तरी संरचनामा हतियार राख्ने चोक बनाए भन्ने देखिन्छ। यो पञ्चपुर उनका बुबा शिवदेवले बनाएको चारतले राजगृहको अंश थियो (*गोपालराजवंशावली* पत्र २४क४-२४क५)। भक्तपुर दरबारक्षेत्रदेखि उत्तरपश्चिममा *खँचुक* छ। चाँगुनारायण मन्दिरको भण्डारमा नेसं ७१६ मा यही खण्डचुकका पुचि भारोले कीर्ति राखेका छन् (खनाल २०४०: २७१)।

माथि संख्या (घ)मा दरिएको चाँगुको अभिलेखमा राजा अमृतदेवको शासनकालमा उनका भतिजा विशाखदेव (नेसं २७६-३०२) ले आफ्नी आमा मधुकश्रीको आज्ञा अनुसार दिवङ्गत दाजु विजयदेवलाई स्वर्ग प्राप्ति होस् भनी कृष्णको मूर्ति स्थापना गरे भनिएको छ (वज्राचार्य २०६८: ११४; खनाल २०४०: १५९)। मूलमा *विशाखादिदेव* यसो आएका हुनाले यो धर्मकार्यमा विशाखादेव र उनका अरू भाई पनि उपस्थित थिए भन्ने बुझिन्छ। *गोपालराजवंशावली*मा रूद्रदेवका विशाखादेव, विसीहदेव नाम गरेका दुई भाई छोराको मात्र चर्चा आउँछ। यताबाट रूद्रदेवका जेठा छोरा विजयदेव सानैमा बितेकाले त्यस भूतवृत्तान्तका लेखकले छुटाए कि भन्ने लाग्छ। त्यसो त उदयदेव र लक्ष्मीकामदेवहरूपछि एकजना विजयदेव राजा भएका पनि देखिन्छन्। यिनले ललितपुरमा आधा राज्य चलाए भनिएको छ (*गोपालराजवंशावली* २३ख३-४)। यिनी रूद्रदेव र अमृतदेवहरूभन्दा पहिले भएकाले चाँगुको अभिलेखमा परेका विजयदेव हुन सक्तैनन्। आनन्ददेव, रूद्रदेव र अमृतदेवहरूपछि दाजु महेन्द्रदेवका छोरा सोमेश्वरदेव राजा

भए र उनीपछि लक्ष्मीकामदेव र त्यसपछि विजयकामदेव नाम गरेका राजा भए। विजयकामदेवपछि अरिमल्ल गरी मल्ल नामधारी शासकहरू देखापर्छन्। त्यसैले यी विजयकामदेव पनि नेसं २९६ मै दिवङ्गत भईसकेका चाँगुको अभिलेखमा परेका विजयदेव हुन सक्तैनन् भन्ने लाग्छ।

अमृतदेवको शासन छँदा नै उदयादित्यका छोरा उजोतदेव जन्मे (*गोपालराजवंशावली* पत्र ३२क५-ख१)। तर यो घटनाको महत्त्व के रह्यो भन्ने अनुमान गर्न गाह्रो छ।

जलद्रोणीका दाता र तिनका दिवङ्गत छोरा

पूर्वसूरिहरूले *भारी* शब्दलाई पूर्वमध्यकालिक भारोको स्त्रीलिङ्गी शब्द मानेका छन्। त्यसैले भक्तपुर खौमा टोलको उपरोक्त जलद्रोणीका दाता कुनै स्त्री हुन् भनेका छन् र तिनको नाउँ विजयकर्त्री दिएका छन्। *गोपालराजवंशावली*मा 'जजमानी श्रीसयजुस भरी' (४३ख:३) र 'अपुटिका भास भरी काया' (४३ख:४) जस्ता प्रयोग आएको छ। यिनमा परेको दुवै *भरी* शब्दलाई धनवज्र वज्राचार्यले पत्नी अर्थ गरेका छन्। कमलप्रकाश मल्लले चाहिँ आफ्नो अनुवादमा पहिलोलाई पत्नी र दोस्रोलाई *चिफ* अर्थात् नाइके भनेका छन् (वज्राचार्य र मल्ल १९८५: ९९, १४६)। तर कमलप्रकाश मल्लकै मुख्य-सम्पादकत्वमा निस्केको एउटा शास्त्रीय नेवारी कोशमा दोस्रो पाठको अर्थ दिंदा भने पत्नी अर्थ नै गरिएको छ (च्वसापासा २०००: ३५१)। शास्त्रीय नेवारीमा *भरी* शब्दको बुहारी, महिला अर्थ पनि छ। यो अर्थ वर्तमानमा बुहारी जनाउन प्रयोग हुने *भौ<भलि- भरी*कै विकसित रूप हो।

भरी शब्दले कुनै दायित्व (नेवारीमा *भाला*) दिइएको व्यक्ति (भारी बोकेको मानिस झैं) अथवा व्यवस्थापक भन्ने अर्थ लाग्ने प्रयोग पनि छ (च्वसापासा २०००: ३५१)। वर्तमान नेवारीमा कोषाध्यक्षको समानार्थी रूप *दांभरी*, भोजभतेरमा भान्सा भण्डार सम्हाल्ने मानिसको समानार्थी रूप *भारी(जु)* भनिने भएकाले *भरी* अथवा *भारी* शब्दले व्यवस्थापक भन्ने अर्थ समेटिन्छ। तर हाम्रो शिलापत्रमा परेको लिङ्गवाची अथवा थरवाचीजस्तो देखिने *भारी* शब्द शास्त्रीय नेवारी कोशहरूमा भेटिंदैन। त्यसैले *भारी* शब्दलाई स्त्रीवाची मान्नै पर्ने होइन।

दाताका दिवङ्गत छोरालाई *जयद्रव्यजीव* खुट्याउनेहरूले गल्ती गरेको देखिन्छ। पहिले *जयद्रव्य जीव* भनेर पढिएको पाठ रहेको तेस्रो हरपमा *द्र* पढिएको अक्षर र त्योभन्दा ६ अक्षरअघि *दिवंगत* पदको पहिलो *दि* अक्षरबीच साउँ अक्षरमा स्पष्ट भेद छ। यस अभिलेखमा सबै साउँ *द* अक्षरको पेट चुच्चो परेको देखिन्छ। चौथो हरपमा परेको (रू)द्रत्व पदको *द्र* पनि *द्रव्य* पढिएको अक्षरसित मिल्दैन। त्यसैले यो *द्र* होइन भन्ने देखिन्छ। यो अक्षर चौथो हरपमा परेको *ब्रह्म*को *ब्र*सित बढी मिल्छ। त्यस्तै पूर्वसूरीहरूले *व्य* पढिएको अक्षर पनि किञ्चित् भेदसमेत *ह्म* हो भन्न सकिन्छ। *ह* अक्षरको हात

दण्डपछि निस्केको छैन तर तल्लो अक्षर *म* हो भन्ने स्पष्ट छ। त्यसैले यहाँ दिवङ्गत छोरोको नाम *जैब्रह्म जीव* पढिएको हो। यहाँ *जीव* पद थर-उपाधि विशेष हुनसक्छ।

संवत् नखुलेको, निर्भयदेव, रूद्रदेव र भोजदेवहरूको पालामा यम्बूका कुलपुत्र *माधव जीव*ले सारेको *अष्टसहस्रिका प्रज्ञापारमिता* अहिले केम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा सुरक्षित छ (पेतेक १९८५: ३६)। कलकत्ताको रइअल एशियाटिक ससाइइटि (हाल, दि एशियाटिक ससाइइटि)मा रहेको अर्को *अष्टसहस्रिका प्रज्ञापारमिता* ग्रन्थ नेसं २४० मा उदयापुरका महासामन्त *पिषु जीव*को विजयराज्यमा सारिएको थियो (पेतेक १९८५: ५३)। राष्ट्रिय अभिलेखालयमा रहेको नेसं २५१ को अर्को एउटा *अष्टसहस्रिका प्रज्ञापारमिता* (पं. १९५) को पुष्पिकाअनुसार त्यो ग्रन्थ पनि *पिषु जीव* अर्थात् *पैषानन्द जीव*को समयमा सारी सिध्याइएको हो (पेतेक १९८५: ५८)। फर्पिङ दक्षिणकालीको मुकुटको नेसं ३६९ को अभिलेखमा *श्रीलक्ष्मीपालजीवस्य विजयराज्य* यसो आएको छ (वज्राचार्य २०६८: १३२)। त्यस्तै ललितपुर अशोकस्तुपनेर धारासँगैको पर्खालमा रहेको नेसं ३६२ को अभिलेखमा दानपति *श्री सरजीव भारो* छन् (वज्राचार्य २०६८: १३३)। नेसं ३८१ मा श्री भीमदेवको पालोमा फर्पिङका विषयाधिपति महासामन्त *जैतराम जीव* थिए। जीव उपाधिधारीहरू पछिसम्म पनि थिए भन्ने कुरा नेसं ६७५ मा दिवंगत पति *उदयजिव भारो*लाई लक्ष्य गरी हेतकीले चाँगुनारायणमा भाँडाकुडा चढाएको ताम्रपत्रले स्पष्ट पार्छ (खनाल २०४०: २६१)। यसरी उदयापुर विषयमा महासामन्तसम्म भएका *जीव* थर-उपाधि लिएको परिवारको सहायता लिई इन्द्रदेव (राज्यकाल: नेसं २४६-२५६) ले सिंहदेव वा शिवदेवको उत्तराधिकारीहरूलाई विस्थापित गरेर राज्य चलाए भन्ने पेतेकले अनुमान गरेका छन् (पेतेक १९८५: ५७-५८)। यसबारे दरो प्रमाणको अभावै छ।

त्यस्तै दाताको नाम *विजयकर्त्री* अथवा *विजयकर्त्री* पढ्नेहरूले पनि योगी नरहरिनाथले दिएको एउटा महत्त्वपूर्ण सूचनाको उपेक्षा गरेका छन्। उनले भक्तपुरको यो भेगका मानिस र मृगस्थलीबीचको सम्बन्ध देखाएका छन्। अभिलेखको सन्दर्भ खुलाउन उनले यसै भेगमा रहेको नकिंजुलिबि (भद्रकाली देवगृह रहेको चोक)को नौबाजा गुथिमा रहेको एउटा दानपत्रको कुरा उठाएका छन्। यो दानपत्र मैले हेर्न पाएको छैन। योगी नरहरिनाथका अनुसार, यसै दानपत्रले निर्देश गरेबमोजिम यो सांगीतिक समूहका सदस्य प्रत्येक वर्ष कार्तिकशुक्ल द्वादशीका दिन मृगस्थली जान्छन् र त्यहाँ रहेको 'प्राचीन मत्स्येन्द्रमन्दिर... चौतारोमा पूजा गर्छन्, बाजा बजाउँछन्, भोज खान्छन् र बाजा बजाउँदै मृगस्थली परिक्रमा गर्छन्' (नरहरिनाथ २०१३: ५४३)। यो सांगीतिक समूहमा फरकफरक जातिका मानिस सदस्य छन्। तर गुथिका नाइकेहरू भने हाडा अथवा *बिजकोछें* अर्थात् वर्तमानका *बिजुक्छेँ* मात्र हुन पाउँछन्। बिजुक्छेँ थरको पूर्वरूप *बिजकलछेँ* हो। पछिल्लो छेँ स्थानवाची पद हो। *बिजकल* चाहिँ लिच्छविकालमै गुलजार रहेका *वृजिकरथ्या* संयुक्त

पदको पूर्वपद *वृजिक*बाट विकसित रूप हुनु सम्भव छ। *वृजिकरथ्या* संयुक्त पदको अर्थ वृजिकहरू वसोवास गर्ने, रथ हिँड्न सकिनेजति चौडा सडक हो। यी वृजिकहरू लिच्छविकालअघि नै गङ्गाका मैदानबाट पहाड पसेका वज्जिकहरू हुनसक्छन् (वज्राचार्य २०२२)। देउपाटनमा रहेको संवत् ७१ को नरेन्द्रदेवको अभिलेखमा पाञ्चालिका सदस्य मधुसूदनस्वामी वृजिकरथ्यामा बस्थे (वज्राचार्य २०५३: ४७५)। अमृतदेवको प्रस्तुत अभिलेख भेटिएको ठाउँ खौमाबाट पूर्वतिर सुकुलढोकामा पाइएको संवत् २०० को लिच्छविकालिक अभिलेखमा पनि *महावृजिकरथ्या* पद आएको छ (श्रेष्ठ २०५६: ३-४, १)। वर्तमानमा बिजुक्छेँहरूको वासस्थान खौमा टोलदेखि केही दक्षिणपूर्व नकिंजुलिबि चोक र माथि सुकुलढोका यिनै दुई ठाउँमा केन्द्रित देखिन्छ। त्यसैले उल्लिखित अभिलेखमा दाताको थर-उपाधि *विजैक* पढ्नु उपयुक्त हुन्छ। यो विश्लेषण सही हो भने पछिल्लो पद *र्ति* चाहिँ स्त्री शब्दको प्राकृत रूप भन्नुपर्ने हुन्छ। यसरी यो जलद्रोणी दान गर्ने महिला विजयकर्त्री नभई *विजैक* उपाधिधारी *सम्मानित स्त्री* हुन् भन्ने देखिन्छ।

सन्दर्भ-सामग्री

कोयूल्फर र शाक्य १९८५

बर्नहार्ड कोयूल्फर र हेमराज शाक्य। सन् १९८५। *डकुयुमन्ट्स फ्रम दि रुद्रवर्ण-महाविहार, पाटन, १: सेलसयान्ड मरगिजेज*। सांकृत अगस्टिन: फिगेहा विशेन्श्याफ्त्स्फेर्लाग।

खनाल २०४०

मोहनप्रसाद खनाल २०४०। *चाँगुनारायणका ऐतिहासिक सामग्री*। कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र।

च्वसापासा २०००

च्वसापासा। सन् २०००। *अ डिक्शनरि अफ क्ल्यासिकल नेवारी*। काठमाण्डू: नेपाल भाषा डिक्शनरि कम्इट्इ।

जोशी१९९१

हरिराम जोशी।सन् १९९१। *मेड्इभल कल्अफन्ज*। भाग १। ललितपुर: जोशी रिसर्च इन्स्टिट्युट।

टण्डन २०५२

गोविन्द टण्डन। २०५२।*पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन*, अभिलेख खण्ड। काठमाडौँ: झरेन्द्र शम्शेर ज.ब.रा. तथा मञ्जु राणा।

नरहरिनाथ २०१३

योगी नरहरिनाथ। २०१३। राजाधिराज अमृतदेवकापाला मृगस्थलीमा विजैकर्त्रि भारीको जलद्रोणी। *इतिहास प्रकाश* २(३): ५४२-५४३।

पेतेक १९८४

लुछयाह्लो पेतेक। सन् १९८४। *मेड्इभल हिस्टरि अफ नेपाल*। रोम: इन्स्टिट्युटो इतालिआनो पर् इल् मेडिओ एस्ट्रेमो ओरिएण्टो।

पौडेल २०२१

भोलानाथ पौडेल। २०२१। आनन्ददेव, रूद्रदेव र अमृतदेवको समयमा एउटा विचार। *पूर्णिमा* ३: १९-२९।

राज २००१

योगेश राज। सन् २००१। ह्लट यान्ड ह्लेर वज युथुनिमम्। *जर्नल अफ नेप्लीज स्टड्इज* ३(२):२७-३७।

राज २०५३

योगेश राज। २०५३। तवमाधि भैरवमन्दिरको लिच्छविकालीन अभिलेख। *पासूका* ३(६):८-९, ४।

रेग्मी २००७

डिल्लीरमण रेग्मी। सन् २००७ (१९६५)। *मेड्इभल नेपाल*। पहिलो भाग। न्यु दिल्ली: रूपा यान्ड को.।

वज्राचार्य २०२२

गौतमवज्र वज्राचार्य। २०२२ । वृजिकरथ्या। *पूर्णिमा* ६: ७-१४।

वज्राचार्य २०६८

धनवज्र वज्राचार्य। २०६८। *पूर्वमध्यकालका अभिलेख*। कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र।

वज्राचार्य २०५३

धनवज्र वज्राचार्य। २०५३। *लिच्छविकालका अभिलेख*। द्वितीय संस्करण। कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र।

शाक्य र वैद्य १९७०

हेमराज शाक्य र टि आर वैद्य। सन् १९७०। *मेड्इभल नेपाल: कल्फन्जयान्डइन्स्क्रिप्शन्स*। काठमाण्डू: टि आर वैद्य।

शाक्य २५२४

हेमराज शाक्य। बुसं २५२४। *शिवदेव संस्कारित श्रीरुद्रवर्ण महाविहार स्थित तालपत्र-अभिलेख*। उकुबाहा: बुद्ध जयन्ती समिति।

श्रेष्ठ २०५७

पुरूषोत्तमलोचन श्रेष्ठ। २०५७। भक्तपुर राजदरबारस्थित जगन्नाथ मन्दिरको पेटीमा छापिन पुगेको अभयमल्लको पालाको अहिलेसम्मन् प्रकाशमा नआएको शिलापत्र। *पासूका* ५(४):३-४।

श्रेष्ठ २०५६

पुरूषोत्तमलोचन श्रेष्ठ। २०५६। सुकुलढोकाको उत्तरलिच्छविकालीन अप्रकाशित अभिलेख। *पासूका* ४(७): १-४। *

साँखुबाट प्राप्त चार ओटा लिखत

योगेश राज

तल दिइएका चारवटा लिखतका पाठ मूलबाट होइन, तिनको फोटोकपिबाट पढेको हुँ। आफूसँग रहेका मूल अथवा तिनका प्रतिलिपि पढ्न दिएकामा बालगोपाल श्रेष्ठलाई धन्यवाद।

संख्या १

संवत् ९१८। प्रचलित लिपि। नेपालभाषा।

मूलपाठ

श्रीश्रीश्रीरणवाहादुल साहा

शुभ॥ संम्वत ९१८ कात्तिक वद्धि ६ द्वलगाहिति तोल इविननि छेया
कालजित भागीसिंङ भातृ स(मु)चयन इविननि पातालभु काया
स्वतोल स्वननि छेया अमलसिंह भारोन पाताभू विया इवि-
देओन तल दक्षीनपाखे दकों विया मूल (श्रीश्रीश्रीरणवाहादुल साहा) साहदेव म-
ल्लीमोहोर टंका सुयखु टंका अधलि ३६ थ्वते दाम कायाओ
थ्व पातालभू विया भाखारिकाह्ङका मदतो झयझकरा म-
दु फछया याङाओ विय धुनो सहि, थ्वतेया दृस्तसाछि भात्रा
कृष्णानंन्द भारो रि(खि)टं दैवज्ञ राज्येन्द्र॥ पति छेस खर्च यायत
रनिया
कायाओ। फछ्यापति चोस्यं विया॥ शुभ॥

अनुवाद

श्रीश्रीश्रीरणबहादुर शाह

शुभ होस्॥ संवत् ९१८ कार्तिक कृष्ण ६ द्वलगा हिति टोल इविननि छेका कारंजित भागीसिंह र उनका भाईहरू मिलेर इवननिको घरपाताल क्षेत्र लिए। त्यसै टोल त्यसै चोकका अमरसिंह भारोले घरपाताल क्षेत्र दिए। इविका देवदेखि होचो दक्षिणतिरको जग्गा

सबै दिए। मूल्य श्रीश्रीश्रीरणबहादुर शाहदेव मल्ली टंका ३६ अधली मोहर। यति दाम लिएर यो जग्गा दिएका हुन्। अघिपछिको लेनदेन बाँकी छैन। झैझगडा छैन। फाछर्या गरेर दिइसकियो सही। यसको देखिजान्ने साक्षी भाई कृष्णानन्द भारो। यो कागत लेख्ने दैवज्ञ राजेन्द्र। ऋणीले घरखर्चका लागि (रकम) लिएर फाछर्यापत्र लेखिदिए। शुभ होस्।

संख्या २

संवत् ९२२। प्रचलित लिपि। नेपालभाषा।

मूलपाठ

शुभ॥ सम्वत् ९२२ माघ वदि ११ उदार, त्रलदेश, ओहषुतोलया, चंसुरि मैन, थओ पुत्री, दयालक्ष्मीयात, वीरदत्तयाके, मोह २७ लन, वंधक का-या तयागु, कोस, दामयागु, गालवु लँपु विया, जि म्वानाओंनसा जि-त, दैवजोगन, मृत्यु जुयाओ ओनसा म्ह्याच दयालक्ष्मीया जुरो, थ्व खया साक्षी, धर्म्मसाक्षी, भिंचा पुनंध्र, पुन साक्षी गजिंद्र, धनओंत, ज-यनरसि, वंशध्र, थुति साक्षि तया, पत्र समेत विया, मिसाया कोसरस फु-किजन, कजिया मदु, लेखक लिवज्र जुरो शुभम्:॥

पुन साक्षी अमृतसिं

अनुवाद

शुभ होस्॥ संवत् ९२२ माघ कृष्ण ११ उद्धार (गरियो)। यल देश ओहषु टोलकी चंसुरिमैंले आफ्नी छोरी दयालक्ष्मीलाई वीरदत्तसँग २७ मोहरमा बंधक लिई राखेको गालबुँ लँपुखेत दाइजोका दामले किनेर राखेँ। म बाँचीरहेँ भने मेरो, दैवयोगले मरीगएँ भने छोरी दयालक्ष्मीको होस्। यो कुराको साक्षी। धर्मसाक्षीहरू भान्जा पूर्णधर, फेरि साक्षी गजेन्द्र, धनवंत, जयनरसिं, वंशधर, यति साक्षी राखेँ। पत्र समेत दिएँ। महिलाको दाइजोमा दाजुभाइको हक लाग्दैन। (यो कागतका) लेखक लीलावज्र हो। शुभ होस्॥
फेरि साक्षी अमृतसिं।

संख्या ३

संवत् १९२७। देवनागरी। नेपाली।

मूलपाठ

स्वस्तिश्रीमदत्तिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीवडामहारानीक-

स्य रुक्का --
आगे साषु वस्न्या तेजविरभाट्के हामीवाट साषु कीसलटोलका के-
सवानंद साहुका स्वास्नी धनलानीसंग २७ सालका वालीदेषी लष-
वंधक लीयाको तपसिलवमोजिमका षेतको जीम्मा वाली गरी
वक्स्यौ सो षेतमा भरन्के (?) सावीक कुतभंदा कुत वढाई पजनी गर्नु
सालसालका वाली वेमाष गरी उथाई थापाथाली नगदि तहवील-
का दरभाउले हाम्रा हजुरमा रूपैया दाषील गरि रसीद लीनु वा-
ली वाकी राष्यौ भन्या तीमीलाई वदला होला मोहीले वाकी राष्यो भ-
न्या षोसी पजनी गर्नु यो काम गऱ्याको षान्गी दाजो पाथी उथा-
ई तिमीले षानु भनी जिम्मावाल गरिवक्स्यौं आफ्ना षातीरजामा
संग जीम्मावाली जानी जगाको चलं गर -------------------

तपसील

तवुषेत रोपनी -----------२	इताष्वात रोपनी ---------------३
कौमा ऐ ---------------३	दोकपा ऐ ------------------७॥
गालवु ऐ -------------३	गागल ऐ -----------------६
साडोल ऐ ---------------५	चुगां सेरा ऐ ------------ १
षयेकुं ऐ --------------- १	गंगाडोल ऐ -----------------।
लावु ऐ ----------------२	तौतीला ऐ --------------१।
चागाडोल ऐ ---------१।	वारीषात ऐ ------------ ॥२
षोपला ऐ ----------१	सुपाली ऐ ---------।
________________१९।	________________१९॥।२

ज्मा षेत रोपनी -----------------------३९

इति सम्वत् १९२७ साल मीति मार्ग सुदी १ रोज ५ शुभ्मं ------------------

संख्या ४

संवत् १००५। प्रचलित लिपि। नेपालभाषा।

मूलपाठ

शुभ॥ सम्वत १००५ साल मिति आशीन शुदी १२ रोज ७ स
दोगाहिति तोल इविननिछेया कारंजित तेजविर-
न पाताभु न्याङा धोला तोल ह्नुलछेया भवानिदास
जोसिन थओ सुनाव्यर्ता सुयवाहाननि पाताल स्वा-

धिकार दको हेन्या थ्वतेया मोल अधलि मोह तका
१० झितका थ्वते मोल कायाओ फरि फक्ष्या याङ वि-
या थ्वते भाषा भुक्तन धाओषुनु चात्राघात सुक्रिवि-
क्री याङ विय जुल थ्वतेया दृष्टसाछि धोला तोल
या हरिनरसिं लिषिटं दैवज्ञ गगादास वावत छे
षर्च यायत कायाओ साहुयात फर्क्षापत्र चोस्यं वि-
या जुल शुभं ---------------------------------

अनुवाद

शुभ होस्॥ संवत् १००५ आश्विन शुक्ल १२ शनिवारमा दोगाहिति टोल इविननिछेका कारंजित तेजवीरले घरपाताल क्षेत्र किने। धोला टोल न्हुलछेका भवानीदास जोशीले आफ्नो सुनाविर्ता रहेको सुयबहाननिको घरपातालको आफ्नो हकभोग जम्मै दिए। यसको मूल्य १० अधली मोहर। यति मूल्य लिई फाछर्या गरिदिएँ। यसको भाखा मिति नाघेका दिन बेचबिखन गर्न हुन्छ। यो कुराको साक्षी धोला टोलका हरिनरसिं। यो कागत लेख्ने दैवज्ञ गंगादास। ऋणीले घरखर्च चलाउन दाम लिई साहुलाई फाछर्यापत्र लेखी दिएका हुन्। शुभ होस्।*